जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल
## Agriculture Journal
मासिक

कृषि जर्नल २०८० साउन (krishijournal–2023, (July-August)



दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अस्तित्वको आधार

# कृषि जर्नल
Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१९, अङ्क १०९ साउन २०८०



## यस अङ्कमा

१. लम्पी स्किन रोगका कारण पशुधनमा ठूलो क्षति ३
२. नेपालमा सम्भावना भएर पनि सकेना ५
३. कृषि क्षेत्रलाई माथि उठाउन पर्छ ६
४. विषादी भए नभएको निगरानी गर्छौं: श्रेष्ठ ७
५. अवैध रुपमा भित्रिने दूध तथा दुग्ध पदार्थ रोक्न बुझाए ज्ञापनपत्र १०
६. राष्ट्रिय किसान सञ्जालको ध्यानाकर्षण ११
७. राष्ट्रिय किसान सञ्जार्लको पुर्नगठन १२
८. राष्ट्रिय किसान सञ्जालद्धारा संघर्षको घोषणा १४
९. लघुवित्त पीडितहरु समस्याको समाधान ...... १७
१०. गैर आवासीय नेपाली संघ वेल्जियम १९
११. जीवजगतको उत्पति र विकास नहुँदो हो त पृथ्वीतल सूनसान उराठ उदास लाग्दो हुनेथियो २३
12. Sri Lankan Farmers Reap Success Through Innovative Agricultural Technologies 26
13. Three High-Level Roundtables 27
14. UN's IFAD goes to Ireland Calling for Increased Funding to Rural Peoples 29
15. Five Decades of Rural Transformation: IFAD's Greatest Successes 30
16. Dongyu Re-Elected FAO Director-General 31
17. Youth in Mauritania uncover the potential that their lands have to offer 32
18. Communities in Musashino 33
19. Agraria is a Member Organization 34
20. Digitalizing agriculture in ..... 35








व्यक्तिगत मूल्य रु. १००/-
संस्थागत मूल्य रु. २००/-

प्रकाशक : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
सल्लाहकार : कृष्ण कोपिला, छविन्द्रराज कँडेल, डा.भरतबहादुर पाण्डे
प्रधान सम्पादक : धनबहादुर मगर सम्पादक : रितु रुपाखेती
कानुनी सल्लाहकार : सरस्वती मानन्धर
मुख्य कार्यालय : बागबजार २८, टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
फोन : ०१४२८८७४३, मोवाईल नं. ९८४१४४५७५३, मुद्रण : प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं
**website** : www.krishijournal.com.np, इमेल : krishijournal@yahoo.com

# क्षति न्यूनिकरण गर्न लम्पी स्किन महामारी रोगबाट लिनु पर्ने शिक्षा

सम्पादकीय



चालु आर्थिक वर्ष गत माघ महिनामा पहिलो पटक झापाबाट शुरु भएको यो रोगको प्रकोपबाट हालसम्म नौ हजार चार सय १० गाई, गोरु र भैंसी मरेका छन् । यसैगरी, हालसम्म तीन लाख ५५ हजार छ सय ९८ पशु सङ्क्रमित भएका छन् । हाल यस रोगको प्रकोप देशभर ७३ जिल्ला फैलिसकेको छ । यसको प्रकोप अझै बढ्ने क्रममा रहेको कृषि तथा पशुपन्छी मन्त्रालय अन्तर्गतको पशु सेवा विभागले जनाएको छ । यसरी देशभर लम्पी स्किनको प्रकोप देखिए तापनि स्थानीय तह, जिल्ला तथा प्रदेशहरूबाट समयमै रोगको रिपोर्टिङ नहुँदा, यससम्बन्धी पूर्ण जानकारी नहुँदा सङ्क्रमित पशुको संख्या र रोगबाट भएको क्षतिको विवरण यकिन गर्न कठिनाई भएको छ । साथै रोगको नियन्त्रण तथा रोकथाममा थप समस्या थपिएको छ। यसले नेपालमा ठूलो क्षति निम्त्याएको छ । पशु चिकित्सकका अनुसार लम्पी स्किन रोग पक्सभाइरिडिइ जातअन्तर्गतको क्याप्रिपक्स भाइरसका कारण पशुमा अत्यधिक सङ्क्रमण गराउने सीमाविहीन रोग हो ।

यो रोग सङ्क्रमित पशुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्कबाट, प्रजनन्योग्य साँढेको सिमेनबाट साथै लामखुट्टे, झिँगा, किर्ना, भुसुनाको टोकाइबाट पनि सर्ने गर्दछ । यो रोग लागेका पशुमा १०५ दशमलव ८ डिग्री फरेनहाइटसम्म ज्वरो आउने, छालामा एकदेखि पाँच सेमीसम्म वा अझै ठूलो गाँठोहरू देखापर्ने, मुख, नाकमा फोरा वरिपरि, पुच्छर, अण्डकोष, फाँचो वरिपरि समेत दुख्ने खालका गाँठोहरू देखिने, लङ्गडोपना, थुनेलो हुने, बाली नजाने, गर्भ तुहिने जस्ता लक्षणहरू देखिन्छन् । देशभर महामारीका रूपमा फैलिरहेको लम्पी स्किन रोगबाट सङ्क्रमित तथा मृत्यु भएको पशुहरूको विवरण, यस रोगको उपचार, रोकथाम तथा नियन्त्रणका लागि पशु सेवा विभागले सबै प्रदेशका पशुपन्छी हेर्ने मन्त्रालय, निर्देशनालय, भेटेरिनरी अस्पाताल, तालिम केन्द्र तथा पालिकाहरूसँग छलफल गरिरहेको जानकारी छ । यस रोगको प्रकोपबाट सबैभन्दा बढी कर्णाली प्रदेशमा चार हजार सात सय ७५ पशु मरिसकेका छन्भने त्यसपछि सुदूरपश्चिममा दुई हजार सात सय ४७, कोशीमा एक हजार एक सय ३२, गण्डकीमा तीन सय ३०, बागमतीमा दुई सय ८१, लुम्बिनीमा एक सय १०, मधेस प्रदेशमा ३५ पशु हालसम्म मरेको विभागको तथ्याङ्क छ । सङ्क्रमित पशुहरूमा औषधि र शक्तिवर्द्धक खानेकुराले निको हुने दर ३० प्रतिशत भएको विभागले जनाएको छ । विभागले यो रोग देखिने बित्तिकै बथानबाट छुट्याएर अलग्गै राख्ने, ज्वरो आएको पशुलाई आराम गराउने, प्रशस्त मात्रामा सफा पानी खान दिने, पातलो कुँडो वा नरम घाँस खान दिने, सक्खर पानी खुवाउने, गोठ वरिपरि सफा राख्नेलगायतका सुझाव दिएको छ। तर यो सुझाव सबै स्थानीय निकायसम्म एवं किसान तहमा पुग्न सकेको छैन ।

नेपालमा पहिलो पटक २०७७ असार १० गते मोरङको सुन्दरहरैचा नगरपालिका(११,का गाईहरूमा लम्पी स्किन रोगका लक्षण देखापरेको कृषि तथा पशुपन्छी मन्त्रालय अन्तर्गतको पशु सेवा विभागले जानकारी गराएको थियो । लक्षण देखा परेपछि नमूना संकलन गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा मलकुलर विधिबाट परीक्षण गर्दा २०७७ साल साउन ११ गते लम्पी स्किन रोग पुष्टि भएको प्रयोगशालाको प्रतिवेदन अनुसार जानकारी भयो । यसरी रोग पुष्टि भएपछि सो रोगको सूचना विश्व पशु स्वास्थ्य संगठनमा पशु स्वास्थ्य सूचना प्रणालीमार्फत गरेको थियो । त्यसपछि लगत्तै यही असार महिनामा चितवनको राप्ती नगरपालिका, रत्ननगर नगरपालिका र खैरहनी नगरपालिका र मकवानपुरको हेटौडा नगरपालिमा यो रोग देखिई धेरै जिल्लाहरूमा अहिले फैलिसकेको छ । यो रोग मुख्यगरी सब सहारन अफ्रिका, मध्यपूर्व र टर्कीमा महामारीकै रूपमा देखिने गरेको र एसियामा सन् १९८९ मा इजरायलमा यो रोग देखिएको थियो । यो रोग पछिल्लो समयमा सन् २०१९ मा दक्षिण र पूर्वी एसियाका देशहरु बंगलादेश, भारत, चीन, ताइपेई र भियतनाममा देखा परिसकेको तथ्याङ्क छ । यति धेरै ठूलो क्षति हुँदा पनि सम्बन्धित निकायले दुरदराजमा रहेका किसानको गोठमा अझ पुग्न नसकेको र क्षति भएको ठाउँमा किसानलाई राहत दिन नसकेको अवस्थामा आगामी दिनमा यसले थप समस्या निम्त्याउने निश्चित देखिन्छ । नेपालको अर्थतन्त्रममा करिब ११.५ प्रतिशत हिस्सा राख्ने पशुपालन क्षेत्र लम्पि स्किन रोग, अफ्रिकन स्वाइन फिवर, वर्ड फ्लू खोरेट, पिपिआर लगायत विभिन्न रोगहरुको कारण संकट ग्रष्ट हुँदै गइरहेको छ । पशु सेवा विभागको तथ्याङ्क हेर्दा हाल लम्पी स्किन रोग ७१ वटा जिल्लाहरुमा फैलिसकेको छ । जसका कारण करिब ५ लाख ५५ हजार पशु संक्रमित भएको, सो मध्ये २१ हजार पशुहरु मरेको देखिएको छ । पक्स भाइरसको संक्रमणले गर्दा मुख्यगरि गाई र भैंसीमा लाग्ने यो रोगका कारण पशुवस्तुको मृत्यु हुने, दूध र मासु उत्पादनमा ह्रास आउने, पशुमा प्रजनन् समस्या देखिने (तुहिने, गर्भपनत हुने) बाली नजाने, छाला उत्पादनमा समेत समस्या आउने र निको भएको पशुलाई पूर्ववत अवस्थामा ल्याउनका लागि थप पोषण खर्च बढ्न गई किसानको ठूलो धनराशीको नोक्सान भइरहेको छ ।

यति धेरै क्षेति हुनु समयमा सचेतता नअपनाउनु पनि हो । र आगामी दिनमा यस्ता खाले रोगहरूको नियन्त्रण गर्न

# लम्पी स्किन रोगका कारण पशुधनको ठूलो क्षति

*कृषि तथा पशुपन्छी मन्त्रालय अन्तर्गतको पशु सेवा विभागले जनाएको छ । यसरी देशभर लम्पी स्किनको प्रकोप देखिए तापनि स्थानीय तह, जिल्ला तथा प्रदेशहरूबाट समयमै रोगको रिपोर्टिङ नहुँदा, यससम्बन्धी पूर्ण जानकारी नहुँदा सङ्क्रमित पशुको संख्या र रोगबाट भएको क्षतिको विवरण यकिन गर्न कठिनाई भएको छ ।*



लम्पी स्किन रोग तत्काल रोकथाम गर्न र क्षति भएका किसानलाई तत्काल राहत उपलब्ध गराउन सम्बन्धित निकायहरुलाई विनम्र अनुरोध । अहिले गर्मीयाम शुरु भएलगत्तै मुलुकभर गाईभैंसीमा लम्पी स्किन रोगको प्रकोप व्यापकरूपमा फैलिएको छ । चालु आर्थिक वर्ष गत माघ महिनामा पहिलो पटक झापाबाट शुरु भएको यो रोगको प्रकोपबाट हालसम्म नौ हजार चार सय १० गाई, गोरु र भैंसी मरेका छन् । यसैगरी, हालसम्म तीन लाख ५५ हजार छ सय ९८ पशु सङ्क्रमित भएका छन् । हाल यस रोगको प्रकोप देशभर ७३ जिल्ला फैलिसकेको छ । यसको प्रकोप अझै बढ्ने क्रममा रहेको कृषि तथा पशुपन्छी मन्त्रालय अन्तर्गतको पशु सेवा विभागले जनाएको छ । यसरी देशभर लम्पी स्किनको प्रकोप देखिए तापनि स्थानीय तह, जिल्ला तथा प्रदेशहरूबाट समयमै रोगको रिपोर्टिङ नहुँदा, यससम्बन्धी पूर्ण जानकारी नहुँदा सङ्क्रमित पशुको संख्या र रोगबाट भएको क्षतिको विवरण यकिन गर्न कठिनाई भएको छ । साथै रोगको नियन्त्रण तथा रोकथाममा थप समस्या थपिएको छ । यसले नेपालमा ठूलो क्षति निम्त्याएको छ । पशु चिकित्सकका अनुसार लम्पी स्किन रोग पक्सभाइरिडिइ मृत्युका साथै दूध र मासु उत्पादनमा ह्रास ल्याउने, गर्भ तुहाउने, बाँझोपना सिर्जना गर्ने, छालाको गुणस्तर घटाउने गर्दछ भन्ने कुराको पुष्टि गरेका छन् । यो रोग भैंसीको तुलनामा विशेषगरी गाई, गोरु तथा बाच्छाबाच्छीमा बढी देखापरेको छ र यो रोगको फैलिने क्रम दिनदिनै बढ्दै छ । यो रोग विशेषगरी राजमार्ग तथा सहायक राजमार्गमा अवस्थित गाईवस्तु तथा खुल्ला चौरमा चरिचरन गर्ने गाईवस्तुमा बढी देखा परेको विशेषज्ञले जानकारी गराएका छन् । यो रोग सङ्क्रमित पशुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्कबाट, प्रजननयोग्य साँढेको सिमेनबाट साथै लामखुट्टे, झिँगा, किर्ना, भुसुनाको टोकाइबाट पनि सर्ने गर्दछ । यो रोग लागेका पशुमा १०५ दशमलव ८ डिग्री फरेनहाइटसम्म ज्वरो आउने, छालामा एकदेखि पाँच सेमीसम्म वा अझै ठूलो गाँठोहरू देखापर्ने, मुख, नाकमा फोरा वरिपरि, पुच्छर, अण्डकोष, फाँचो वरिपरि समेत दुख्ने खालका गाँठोहरू देखिने, लङ्डोपना, थुनेलो हुने, बाली नजाने, गर्भ तुहिने जस्ता लक्षणहरू देखिन्छन् । देशभर महामारीका रूपमा फैलिरहेको लम्पी स्किन रोगबाट सङ्क्रमित तथा मृत्यु भएको पशुहरूको विवरण, यस रोगको उपचार, रोकथाम तथा नियन्त्रणका लागि पशु सेवा विभागले सबै प्रदेशका पशुपन्छी हेर्ने मन्त्रालय, निर्देशनालय, भेटेरिनरी अस्पताल, तालिम केन्द्र तथा पालिकाहरूसँग छलफल गरिरहेको जानकारी छ । यस रोगको प्रकोपबाट सबैभन्दा बढी कर्णाली प्रदेशमा चार हजार सात सय ७५ पशु मरिसकेका छन्भने त्यसपछि सुदूरपश्चिममा दुई हजार सात सय ४७, कोशीमा एक हजार एक सय ३२, गण्डकीमा तीन सय ३०, बागमतीमा दुई सय ८१, लुम्बिनीमा एक सय १०, मधेस प्रदेशमा ३५ पशु हालसम्म मरेको विभागको तथ्याङ्क छ । सङ्क्रमित पशुहरूमा औषधि र शक्तिवर्द्धक खानेकुराले निको हुने दर ३० प्रतिशत भएको विभागले जनाएको छ । विभागले यो रोग देखिने बित्तिकै बथानबाट छुट्याएर अलग्गै राख्ने, ज्वरो आएको पशुलाई आराम गराउने, प्रशस्त मात्रामा सफा पानी खान दिने, पातलो कुँडो वा नरम घाँस खान दिने, सक्खर पानी खुवाउने, गोठ वरिपरि सफा राख्नेलगायतका सुझाव दिएको छ । तर यो सुझाव सबै स्थानीय निकायसम्म एवं किसान तहमा पुग्न सकेको छैन । "दुग्ध क्षेत्रको उन्नति, राष्ट्रको समुन्नति" ँOR THE ADVANCEMENT OF DAIRY INDUSTRY IN NEPAL नेपाल डेरी एसोसिएसन (NEPAL DAIRY ASSOCIATION) (जिल्ला प्रशासन कार्यालयमा दर्ता नेपालमा पहिलो पटक २०७७ असार १० गते मोरङको सुन्दरहरैचा नगरपालिका-११,का गाईहरूमा लम्पी स्किन रोगका लक्षण देखापरेको कृषि तथा पशुपन्छी मन्त्रालय अन्तर्गतको पशु सेवा विभागले जानकारी गराएको छ । लक्षण देखा परेपछि नमूना संकलन गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा मलकूलर विधिबाट परीक्षण गर्दा २०७७ साल साउन ११ गते लम्पी स्किन रोग पुष्टि भएको प्रयोगशालाको प्रतिवेदन अनुसार जानकारी भयो । यसरी रोग पुष्टि भएपछि सो रोगको सूचना विश्व पशु स्वास्थ्य संगठनमा पशु स्वास्थ्य सूचना प्रणालीमार्फत गरेको थियो । त्यसपछि लगत्तै यही असार महिनामा चितवनको राप्ती नगरपालिका, रत्ननगर नगरपालिका र खैरहनी नगरपालिका र मकवानपुरको हेटौडा नगरपालिमा यो रोग देखिई धेरै

जिल्लाहरूमा अहिले फैलिसकेको छ। यो रोग मुख्यगरी सब सहारन अफ्रिका, मध्यपूर्व र टर्कीमा महामारीकै रूपमा देखिने गरेको र एसियामा सन् १९८९ मा इजरायलमा यो रोग देखिएको थियो। यो रोग पछिल्लो समयमा सन् २०१९ मा दक्षिण र पूर्वी एसियाका देशहरु बंगलादेश, भारत, चीन, ताइपेई र भियतनाममा देखा परिसकेको तथ्याङ्क छ। यति धेरै ठूलो क्षति हुँदा पनि सम्बन्धित निकायले दूरदराजमा रहेका किसानको गोठमा अझ पुग्न नसकेको र क्षति भएको ठाउँमा किसानलाई राहत दिन नसकेको अवस्थामा आगामी दिनमा यसले थप समस्या निम्त्याउने निश्चित देखिन्छ। सम्बन्धित निकाय केन्द्रदेखि स्थानीय तहसम्म सबैलाई यो अहिलेको अवस्थालाई गम्भीर रुपमा लिन र यथा सम्भव नोक्सानी भएको ठाउँमा किसानलाई राहत उपलब्ध गराउन, रोगले नछोएको स्थानमा रोकथामका लागि तत्काल भ्याक्सिन लगाई सुरक्षित रहनु पर्ने देखिन्छ।

नेपालको अर्थतन्त्रममा करिब ११.५ प्रतिशत हिस्सा राख्ने पशुपालन क्षेत्र लम्पि स्किन रोग, अफ्रिकन स्वाइन फिवर, वर्ड फ्लू, खोरेट, पिपिआर लगायत विभिन्न रोगहरुको कारण संकट ग्रष्ट हुँदै गइरहेको छ। पशु सेवा विभागको तथ्याङ्क हेर्दा हाल लम्पी स्किन रोग ७१ वटा जिल्लाहरुमा फैलिसकेको छ। जसका कारण करिब ५ लाख ५५ हजार पशु संक्रमित भएको, सो मध्ये २१ हजार पशुहरु मरेको देखिएको छ। पक्स भाइरसको संक्रमणले गर्दा मुख्यगरि गाई र भैंसीमा लाग्ने यो रोगका कारण पशुवस्तुको मृत्यु हुने, दूध र मासु उत्पादनमा ह्रास आउने, पशुमा प्रजनन् समस्या देखिने (तुहिने, गर्भपनत हुने) बाली नजाने, छाला उत्पादनमा समेत समस्या आउने र निको भएको पशुलाई पूर्ववत अवस्थामा ल्याउनका लागि थप पोषण खर्च बढ्न गई किसानको ठूलो धनराशीको नोक्सान भइरहेको छ। यो रोगका कारण करिब ६ महिनासम्म साँढे र रागाँहरु प्रजननमा आउन नसक्ने र लामो वेतान्तर भई गाई भैंसीको दूध उत्पादनमा ४० देखि ५० प्रतिशत कमी हुने अनुसन्धानबाट देखिन्छ।

विश्व पशु स्वास्थ्य संगठन (WOAH) का अनुसार यो रोग देखिएको ठाउँमा पशुमा रोग फैलिने डर, १० देखि २० प्रतिशत र मृत्युदर १ देखि ५ देखिएता पनि भारत २४.२ प्रतिशत, बंगलादेश ३४ प्रतिशत र इथोपिया क्रमश : १२.४ प्रतिशत ३.२ प्रतिशत, ४.५ प्रतिशत मृत्यु देखिएका अध्ययनले देखाएको छ। यो रोगले पार्ने सामाजिक, आर्थिक प्रभाव, भने ठूलो रहेको छ। विभिन्न देशहरुमा यो रोगका कारण आर्थिक प्रभावको अध्ययनलाई हेर्दा भारतमा एउटा गाई विरामी हुँदा ९४,८३९ र भैसीमा ४३,३२९ रुपैयाँ बराबरको आर्थिक क्षति भएको देखिन्छ। त्यसैगरि प्रतिगाई वा भैंसी बंगलादेशमा १२,३२९, इथोपियामा ४२,९००, आर्थिक क्षति हुने गरेको पाइएको छ।

नेपालमा गाई ७४,१३,१९७, भैंसीमा ५१,३२,९३१ गरि कूल १,२५,४६,१२८ गाई र भैंसीको संख्या रहेको छ। माथि प्रस्तुत वैज्ञानिक तथ्याङ्कको आधारमा अनुमानित २० प्रतिशत पशुरोग दर, नेपालको हालको मृत्युदर ३.८ प्रतिशत र प्रति पशु ४९,१३५ नोक्सान हुँदा २७ अर्ब १२ करोड ५० लाख बराबरको आर्थिक क्षति भइसेकेको देखिन्छ। यो रोगको समयमै उपचार, नियन्त्रण तथा रोकथाम गर्न नसकेको अवस्थमा करिब २५ लाख २६ हजार पशु संक्रमण फैलिने र १ लाख गाई भैंसी मर्ने करिब १ खर्व २६ अर्ब बराबरको आर्थिक क्षेति हुने देखिन्छ। उक्त रकम नेपालको आर्थिक वर्ष २०८०/२०८१ को प्रस्तावित कूल वजेटको करिब ७.२ प्रतिशत हुन आउँछ।

हाल नेपालमा लम्पी स्किन लगायतका गाई भैंसीमा लाग्ने खोरेत रोग बाखामा पिपिआर, बँगुरमा अफ्रिकन स्वाइन फिवर, कुखरामा रानीखेत, गम्वरो र वर्डफ्लु, सम्पूर्ण पशुहरुमा देखिने रेविज लगायतका रोगहरुले खर्बौंको आर्थिक क्षति पुर्‍याईरहेका छन्। यो रोगहरुको उपचार रोकथाम तथा नियन्त्रण गर्नका लागि स्थानीय तहमा रहेको करिब ८२.२ प्रतिशत पशु चिकित्सकहरुको दरवन्दी रिक्त रहेको अधिकांश स्थानीय तहमा वडाहरुमा पशुस्वास्थ्य प्राविधिकहरुको उपस्थिति न्यून् रहेको छ। संघीयता अगाडि रहेका १००० वटा पशु सेवा केन्द्रहरु संघीयता पश्चात प्रशासनिक पुनसंरचना गर्दा ७५३ मा खुम्चिएको अवस्था छ। स्थानीय तहमा पशु चिकित्सा सेवा दिनका लागि हालसम्म चितवनको माडी नगरपालिका बाहेक अन्य स्थानीय तहमा भेटरीनरी अस्पतालको स्थापना तथा सञ्चालन गरिएको छैन। यस्ता पशु महामारी विरुद्ध लड्न भेटरीनरी सेवाको आमूल पुनर्संरचना गरि अस्पताल र जनशक्ति थप गर्ने अत्यवश्यक देखिन्छ। यो रोगहरुले पार्ने असरका कारण नेपालको १५ औं योजना दिगो विकास लक्ष्य (SDG) र नेपाल सरकारले प्रक्षेपण गरेको ६ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्यमा समेत गम्भीर प्रभाव पार्ने देखिन्छ। त्यसकारण उक्त रोगहरु तथा आगामी दिनमा आउने महामारीको समयमै उपचार, रोकथाम, नियन्त्रण गरि किसानको पशुधनलाई जोगाई, स्वास्थ्य समाज र सवल अर्थतन्त्रमा टेवा पुर्‍याउन देहायका व्यवस्थाको लागि नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५को दफा ९ (छ) अनुसार नेपाल सरकारलाई परामर्श दिइएको व्यहोरा नेपाल पशुचिकित्सक परिषद्को निर्णय अनुसार अनुरोध छ।

तत्कालीन कार्यको लागि दिइएको परामर्श :

१ हाल मश्यौदाको क्रममा रहेको संक्रामक पशु रोग नियन्त्रण सम्बन्धी प्रस्तावित विधेयक पारित नहुन्जेलसम्म तत्कालका लागि लम्पी स्किन रोग नियन्त्रण आदेश जारी गरि प्रभावकारी रुपमा उक्त रोगको उपचार, रोकथाम तथा नियन्त्रण गर्न आवश्यक व्यवस्था मिलाउने।

२ रोगको नियन्त्रण तथा रोकथामको लागि देशभर तथ्याङ्क व्यवस्थापन, रिपोर्टिङ, लजिस्टिक व्यवस्थापन र प्रतिकार्यका क्रियाकलापहरुलाई थप समन्वय तथा सम्वोधन गर्न संघीय स्तरमा लम्पी स्किन रोग कन्ट्रोल रुमको स्थापना गर्ने।

३. रोगको संक्रमण देखिएका सबै स्थानीय तहहरुमा कम्तिमा १ जना पशु चिकित्सक र पशु स्वास्थ्य प्राविधिकहरुको टोली सहित रेपिड रेस्पोन्स टिम अविलम्ब परिचालन गर्ने।

४. हाल स्थानीय तहहरुमा पशु चिकित्सा तथा पशु स्वास्थ्यकर्मीको चरम अभाव देखिएकोले भेटरीनरी अध्ययन गराउने शैक्षिक संस्थाहरुमा अध्ययन गराउने शिक्षक तथा इन्टर्नशीप गराउने विद्यार्थी तथा निजी स्तरमा कामगर्ने पशु स्वास्थ्यकर्मीहरुलाई अविलम्ब परिचालन गर्न आवश्यक व्यवस्था मिलाउने।

५. संक्रमण दर उच्च भएका जिल्लाहरुमा औषधी मौज्दातको व्यवस्था गर्ने।

६. उक्त रोगको उपचार, रोकथाम तथा नियन्त्रणका लागि आवश्यक आधारभुत भेटरीनरी औषधी, खोप, संक्रामक रोग विरुद्ध रसायनको उपलब्धता तथा वितरण व्यवस्था गर्ने।

७. पशु रोगहरुलाई फैलन नदिन भौगौलिक रुपमा महत्वपूर्ण मानिएका स्थान तथा हालसम्म पशु क्वारेन्टाईन चेकपोष्ट

**बाँकी पृष्ठ …… २१**

# नेपालमा सम्भावना भएर पनि सकेनौं

काठमाडौं असार १३ राजधानीमा एक कार्यक्रम गरि नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघले मूल्य अभिवृद्धि करमा साना उद्यमीहरुलाई पनि सहभागी जनाउने भएको प्रयासलाई व्यवसायलाई विस्थापन गर्न सक्ने जनाएको छ । यसै सन्दर्भमा नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघ नेपाली गलैंचा उत्पादन र निर्यात गर्ने व्यवसायिक फर्म उद्योग तथा कम्पनीहरुको साझा संस्था हो । विगतमा भिन्नभिन्न अस्थित्वमा रहेको केन्द्रीय गलैंचा उद्योग संघ र नेपाल गलैंचा निर्यातक संघलाई




एकीकृत गरी यस संस्थाले २०७५ सालदेखि उल्लेखित नाममा आफ्ना कार्यहरु गर्दै आएको छ । हाल यस संघमा २ सय भन्दा बढी गलैंचा उत्पादक तथा निकासीकर्ता संस्थाको आवद्धता छ ।

संघले नेपाली गलैंचा उद्योगमा भएका बहुआयामिक समस्याको पहिचान गरी समाधानका निमित्त कार्य गर्दै आएको छ । संघले नेपाली गलैंचा उद्योगको सम्वर्द्धन, प्रवर्द्धन तथा विकासमा आवश्यक पर्ने कार्यमा सहयोग तथा समन्वयको काम समेत गर्दै आएको छ ।

नेपाली गलैंचा उद्योग नेपालको निकासीजन्य उद्योगहरु मध्येको प्रमुख उद्योग हो । यस गलैंचा उद्योगले प्रत्येक वर्ष अरबौं मुल्य बराबरको स्वदेशी उत्पादन निकासी गरि राष्ट्रको द्यबबिलअभ या एबथ्भलत मा टेवा पुऱ्याउँदै राष्ट्रको नीतिमा प्रभावकारी भुमिका निर्वाह गर्दै आईरहेको छ । एकातर्फ यस उद्योगले विदेशी मुद्रा आर्जन गर्दछ भने अर्को तर्फ यस उद्योगले श्रृजना गर्दै आइरहेको रोजगारीको अवसरहरु पनि उल्लेखनीय छ ।

यस उद्योगले दुई लाख भन्दा बढी संख्यामा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा रोजगारी प्रदान गर्दै आइरहेको छ । यस उद्योगले नेपालको अशिक्षित, गरिबीको रेखामुनी जीवनयापन गरिहेका रहेका र सीमान्तकृत समूहलाई रोजगारीको अवसर प्रदान गरेको छ । काठमाडौंबाट ऊन लगेर नेपालको पूर्वी जिल्लाहरुदेखि नेपालको पश्चिम जिल्लाहरुमा घर घरमा साना साना इकाईमा कृषकहरुले पनि फुर्सदको समयमा उत्पादन गरिने यस उद्योगको उत्पादनले पनि नेपालीहरुको रोजगारीलाई सुनिश्चित गरेको अवस्था हो । मु.अ.क. को व्यवस्था लागु भएमा आफ्नो घरको चुलो बाल्नका लागि सहयोग गर्ने रोजगारी उनीहरुबाट खोसिने छ भन्ने विषय संघको मुख्य ध्यानाकर्षणको विषय हो । आयात र निर्यातको बीचमा रहेको ठूलो अनुपातको भिन्नतालाई समायोजन गर्ने नेपाल सरकारको नीतिलाई नेपाली गलैंचा उद्योगले पनि अंगीकार गरेको अवस्था हो । यसै नीतिलाई नेपाली गलैंचा उद्योगको प्रमुख उद्देश्यको रुपमा मनन गर्दै हरेक तवरबाट निर्यात अभिवृद्धि गर्ने लक्ष्य नेपाली गलैंचा उद्योगले लिएको छ । यसै उद्देश्यलाई पूर्णता दिने कार्यमा नेपाली गलैंचा उद्योग प्रयासरत छ ।

नेपाली गलैंचाको निकासी वृद्धि हुनु नेपाल सरकारले व्यवस्था गरेको विभिन्न छुट, सुविधा र सहुलियतहरुको कारणले हो भन्ने धारणा नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघको रहेको छ । नेपाली गलैंचा निर्यातको विगत चार वर्षको तथ्याङ्क अध्ययन गर्दा कोभिड अघि रु. ७,२९,८२,७८,२१५ निर्यात रहेकोमा कोभिडको समयमा निर्यातमा १६.८५% ले ह्रास आइ नेपाली गलैंचाको निर्यात रु. ६,०६,८५,६६,५२६ मा पुग्न गएको थियो । तत् पश्चात् कोभिडको परिस्थिति सहज हुँदै जाने क्रममा नेपाली गलैंचाको आर्थिक वर्ष २०७९/८० मा भएको नेपालको कुल गाहर्स्थ उत्पादन -२.१६ प्रतिशत) वृद्धिमा पनि नेपाली गलैंचा उद्योगको भुमिका उल्लेखनीय रहेको छ । यसप्रकार रोजगारी सिर्जना गर्ने उद्योग, निर्यातबाट वैदेशिक मुद्रा आर्जन गर्ने उद्योग र नेपालको कुल गार्हस्थ्य उत्पादनमा टेवा पुऱ्याउने उद्योगको रुपमा स्थापित उद्योग हो नेपाली गलैंचा उद्योग । यस उद्योग नेपाल सरकारका प्राथमिक्तामा सदैव रहनुपर्दछ भन्ने धारणा संघको रहेको छ । मिति २०८०/०२/१५ गते आव २०८०/०८१ को बजेट सार्वजनिक भयो । जसमा विभिन्न व्यवस्थाहरुको व्याख्या गरियो । जसमध्ये कतिपय व्यवस्था नेपाली गलैंचा उद्योगसँग पनि सम्बन्धित थिए । यस पटकको बजेटको व्यवस्थाले नेपाल सरकारको प्राथमिकतामा रहेको नेपाली गलैंचा उद्योगलाई प्राथमिकताबाट हटाइएको संघलाई भान हुन गएको छ । निरन्तर नेपाल सरकार र नेपाली गलैंचा उद्योग समानान्तर रुपमा अघि बढ्दै राष्ट्र विकासलाई अभिवृद्धि गर्नु पर्ने कार्यमा पुर्णविराम लागेजस्तै भएको छ ।नेपाल सरकारले सम्पुर्ण उद्योगहरुलाई मु.अ.क. को दायरा भित्र ल्याउनु र व्यवस्थित गर्नु सान्दर्भिक हो । नेपाली गलैंचा उद्योग लघु, घरेलु तथा साना उद्योग हो । नेपाल भर साना साना इकाइमा छरिएर रहेको नेपाली गलैंचा उद्योगको उत्पादन श्रोतलाई मु.अ.क. को दायरामा ल्याउन

निर्यात आ.व.२०७७/०७८ मा ३१.४५% ले वृद्धि भई रु.७,९७,६९,५३,४४९ र आ.व. २०७८/०७९ मा ३३.१७% ले वृद्धि भइ रु. १०,६२,२६,८९,९१६ को निर्यात देखिन्छ ।

क्र.सं विवरण आ.व. २०७५/०७६
आ.व. २०७६/०७७ आ.व. २०७७/०७८
आ.व. २०७८/०७९
१. कुल निर्यात
(मुल्यमा) ७,२९,८२,७८,२१५, ६,०६,८५,६६,५२६७,
९७,६९,५३,४४९ १०,६२,२६,८९,९१६
२. ह्रास/वृद्धिदर (१६.८५%
३१.४५ % ३३.१७ %
श्रोत : नेपाली व्यापार सुचना पोर्टल
(www.nepaltradeportal.gov.np)

अव्यवहारिक देखिन्छ । साना साना इकाइमा सञ्चालित उद्योगहरु मु.अ.क मा सहभागी हुने भन्दा पलायन हुने सम्भावना बढी देखिन्छ । यस सम्बन्धमा हामीले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यू, सत्तारुढ साझेदार दल नेपालकी काँग्रेसका सभापति शेरबहादुर देउवाज्यू, माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतज्यू, अर्थसचिव अर्जुन प्रसाद पोखरेलज्यू, अर्थ मन्त्रालयका राजश्व सचिव राम प्रसाद घिमिरेज्यू तथा आन्तरिक राजश्व विभागका महानिर्देशक दीर्घराज प्रसाइँज्यू सँग समेत भेट गरी यो समस्याले पार्ने प्रभावका सम्बन्धमा अवगत गराइसकेका छौं ।

मु.अ.क.मा पचास लाखभन्दा कम कारोबार हुने उद्योगहरु दर्ता हुनु अनिवार्य नरहेको र लघु साना तथा घरेलु मु.अ.क.मा जान नपर्ने व्यवस्था पनि छर्लङ्ग छ । तर ती साना उद्योगहरुले मु.अ.क.मा दर्ता नभएपनि आफ्नो उद्योगको निमित्त कच्चा पदार्थ खरिद गर्दा मु.अ.क. तिर्नु पर्ने देखिन्छ । साना व्यवसायीहरुले तिरेको मु.अ.क. फिर्ता हुने कुनै व्यवस्था देखिँदैन । यहाँ नेपाली गलैंचाको उत्पादन लागत बढ्ने हुन्छ । अन्ततः नेपाली गलैंचा उद्योगमा प्रयोग हुने कच्चा पदार्थहरुमा मु.अ.क.को भार थप्नु, र नेपाली गलैंचा उत्पादनका विभिन्न प्रक्रियागत उद्योगहरुलाई मु.अ.क. को दायरा भित्र बाँध्नु जस्ता व्यवस्थाहरुले नेपाली गलैंचाको मुल्य स्वतः रुपमा अभिवृद्धि हुनेछ । मुल्य अभिवृद्धिको परिणाम निर्यात तथा रोजगारी पर्ने छर्लङ्ग छ ।

तसर्थ, नेपाल सरकार समक्ष नेपाली गलैंचा उद्योग नम्रताका साथ आ.व. २०८०/०८१ मा नेपाली गलैंचा उद्योग सँग सम्वन्धित व्यवस्थाहरुलाई पुनर्विचार गरि यथावत् व्यवस्था कायम गरिदिन हुन नेपाली गलैंचा उद्योग नेपाल सरकार समक्ष हार्दिक अपिल गर्दछ । संघले नेपाली गलैंचा उद्योगका कामदारहरुलाई मु.अ.क. सम्वन्धि व्यवस्था यथावत् रुपमा कायम हनेछ भन्ने आस्वाशन दिएको अवस्था हो । कुनै कारणवश मु.अ.क. सम्वन्धि व्यवस्था यथावत् रुपमा कायम हुन नसकेमा रोजगारी र अस्थित्वमै समस्यामा रहेका लाखौं मजदुरहरू सडकमा ओर्लन सम्भावना प्रवल रहेको छ । उक्त अवस्था संघको नियन्त्रणमा नरहने हामी नेपाल सरकार र सम्बन्धित निकायहरुलाई अग्रिम ध्यानाकर्षण गराउँदछौं ।

# कृषि क्षेत्रलाई माथि उठाउन पर्छ

खाद्यका लागि कृषि अभियानको आयोजनामा "नेपाली कृषिको भविष्य, सम्भावना तथा चुनौती" विषयक प्रतिनिधि सभाका सदस्यहरुसँगको छलफल कार्यक्रम सम्पन्न खाद्यका लागि कृषि अभियानको आयोजनामा प्रतिनिधि सभाका सदस्यहरुसँग मिति २०८० असार २४ गतेका दिन "नेपाली कृषिको भविष्य : सम्भावना तथा चुनौती" विषयक छलफल कार्यक्रम सम्पन्न भयो । नयाँ



वानेश्वरमा सम्पन्न भएको उक्त कार्यक्रममा संघीय संसद अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक श्रोत समितिमा रहनु भएका १२ जना र कृषिमा सरोकार राख्ने २ जना गरि १४ जना सांसदहरुको उपस्थिती रहेको थियो । कृषि अभियन्ता, खाद्यका लागि कृषि अभियानमा आवद्ध संघ-संस्था, पत्रकार सहित करिव ६० जनाको उपस्थितिमा सम्पन्न भएको कार्यक्रमको सभापतित्व खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले गर्नु भएको थियो ।

कार्यक्रम मुख्य २ शत्रमा सम्पन्न भएको थियो । पहिलो सत्र स्वागत तथा परिचय कार्यक्रमको सहजिकरण खाद्यका लागि कृषि अभियानको सचिवालयवाट सुजता तामाङले गर्नु भएको थियो भने दोस्रो सत्र विषय प्रवेश, अर्न्तक्रिया तथा संसदको विचार प्रस्तुतीको सहजिकरण अभियानका तर्फबाट टिका भट्टराईले गर्नु भएको थियो । कार्यक्रमको विषय प्रवेशमा आफ्नो प्रस्तुती राख्दै खाद्यका लागि कृषि अभियानका अभियन्ता डा.कृष्ण प्रसाद पौडेलले नेपाली कृषिका प्रमुख सवालहरु कृषि विकासको ढाँचा, नीति र संस्थागत वातावरण, किसानको पहिचान र पहुँच, भू-उपयोग र बाँझो जमीन व्यवस्थापन, आयात र निर्यात प्रवर्द्धनको सवाल र यिनको सम्वोधनको प्रस्तावहरु पेश गर्नु भएको थियो ।कार्यक्रममा सहभागी पत्रकार, अभियन्ता र किसान प्रतिनिधिहरुले कृषि तथा खाद्य सम्बन्धी नीति, कृषि उत्पादका स्रोतहरुको समसामयिक समस्या, सरकारका सुविधा वितरणको अवस्था जस्ता विषयहरुको वरिपरि रहेर माननिय सांसद समक्ष आफ्नो प्रश्न र जिज्ञासा राख्नु भएको थियो ।

कार्यक्रममा उपस्थित सांसदहरुले खाद्यका लागि कृषि अभियानलाई कार्यक्रम आयोजनाको लागि धन्यवाद व्यक्त गर्नुका साथै कृषि नेपालको उन्नतीको क्षेत्र भएको र यसका समस्याहरु सबैका साझा समस्या भएको बताउँदै, कृषि, सहकारी र वन क्षेत्रमा सरोकार राख्ने नीति निर्माणको लागि, कृषि क्षेत्रमा मौलाएका विकृतिहरुको खबरदारीको लागि र समग्र देशको आर्थिक अवस्थाको पुनर्निमार्णको लागि आफूहरु लागिरहेको बताउनु भयो भने । देशको माटो, कृषि, जनस्वास्थ्य र अर्थतन्त्र सुधारको लागि आफूहरु तत्पर रहेको बताउनु भयो । यो सँग खाद्यका लागि कृषि अभियानका गतिविधिहरुमा सहकार्य गर्दै जाने र कृषिका साझा समस्या समाधानका अन्य छलफल तथा क्रियाकलापमा आफुहरु ऐक्यवद्धता रहेको बताउनु भयो ।

करिव साँढे ३ घण्टा चलेको सघन अन्तर्क्रिया कार्यक्रमको समापन गर्दै वरिष्ठताका आधारमा कृषि, सहकारी तथा प्राकृतिक श्रोत समितिको संयोजकको जिम्मेवारी निभाउनु भएका माननीय अम्बर बहादुर थापाले आफू अभियानका अन्य कार्यक्रममा सहकार्य गर्न तयार रहेको बताउनु भयो भने खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले बिग्रदो कृषि उत्पादनको ढाँचा, किसानको अवस्था सुधारको लागि गोलवन्द्ध हुन सम्पूर्ण सांसदलाई आग्रह गर्नु भयो र कार्यक्रममा उपस्थित सम्पूर्णलाई धन्यवाद व्यक्त गर्नुभयो ।

# विषादी भए नभएको निगरानी गर्छौं: श्रेष्ठ

धनबहादुर मगर

कृषि काठमाडौं साउन १ रैथाने एग्री प्रोडक्ट नेपालको आयोजनामा दरवारमार्गस्थित ओरिन्ट क्याफेमा रैथाने कृषि वस्तु झल्कने गरि हाटबजार लाग्ने भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि योजना आयोगका पूर्व उपाध्यक्ष तथा बागमती प्रदेशका सभासद दिनेशचन्द्र देवकोटाले रैथाने कृषि, राष्ट्रियता, खाद्य सुरक्षा र खाद्य सम्प्रभुत्तासँग जोडिएको विषय भएको बताए । रैथाने




कृषिको मौलिकता, महत्व, राष्ट्रिय महत्वको विषय हो । हिजो परम्परागत बालीको बारेमा नेपाल सरकारले प्राथमिकता दिएको थियो । देवकोटाले रैथाने खेतीलाई ७५३ वटै पालिकाहरुमा विशेष कार्यक्रमको रुपमा लान जरुरी रहेको बताए । हाट बजारले सम्भ्रान्त वर्गको समेत मोटिभेशन गर्छ । कृषि संस्कृतिको निर्माण गर्न सकेन भने कृषि क्षेत्रको विकास हुन सक्दैन । किसान र उपभोक्ता विचौलियाका कारण माथि उठ्न सकेको छैन । रैथाने खेती सम्बन्धी नीति तथा कार्यक्रम आएको छ ।

आनुवांशिक स्रोत केन्द्र (जिन बैंक)का प्रमुख बालकृष्ण जोशीले रैथाने बालीलाई सम्मान दिन नसकेको अवस्थामा सम्मान दिनुपर्छ भनेर गरेको कार्यक्रमले सकारात्मक सन्देश प्रवाह हुने बताए । नेपालको कृषि इतिहासलाई हेर्ने हो भने हेला गरिएको छ । सुपर मार्केट ९० प्रतिशत विदेशी वस्तुहरुको हालीमुहाली भएको अवस्था आउनुमा दुःखको कुरा भएको बताउनु भयो । नेपालमा आर्थिक क्रान्ति जरुरी छ । आर्थिक क्रान्ति हुन्छ बढी उत्पादनमा जोडदिनु पर्छ । सिधै किसान र उपभोक्तालाई जोड्ने माध्यम रैथाने कृषि हुनुपर्छ । कालान्तरमा दूरी बढेकोले उपभोक्ताले उचित मूल्यमा कृषि उपज पाउन सकेन । स्वास्थ्यको कारण सँधै अस्पतालतिर जानु पर्ने अवस्था आएकोले कम्तिमा पनि हप्तामा एकपटक रैथाने वस्तुको हाटबजारको व्यवस्थापन भयो भने रैथाने वस्तुको उपभोगले स्वास्थ रहन सहयोग पुग्ने बताउनु भयो ।

जैविक विविधता बोकेको बाली मध्ये कृषि बाली हराएको छ । कृषि जैविक विविधता चुनौतीको रुपमा नेपाललाई पाउनु पर्छ । संयौं वर्षसम्म हराएर नजाने सदाको लागि सँधैको लागि रैथाने बाली प्रकृतिसँग जोडिएकाले डार्विनको सिद्धान्त अनुसार मेल खाने बताउनु भयो । स्थानीय उत्पादनलाई रैथाने, स्थानीय उपज उत्पादन हो । रैथान उपज जात विषय भएको र ६० वर्ष अगाडि आई राखेको स्थानीय जात माथि पहिचान खुलाउन पर्छ । राणाहरुले नेपालको कृषिलाई विदेशीकरण गरेको छ । रैथाने कृषि प्रविधिलाई अपनाएर अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरि गर्न सकिन्छ । मौलिक, रैथाने उपज भएको भए हाट बजारमा राखिएको वस्तुलाई लेवलिङ गर्दा पहिचान खुल्न सक्छ । स्थानीयपन झल्कने गरि रैथाने स्थानीय उपज किसानको आफ्नै बारीमा उत्पादित शतप्रतिशत नेपालीपन भएको हुनु पर्छ । विदेशको उत्पादनलाई ठाउँदिनु हुन्न आफ्नो स्थानीयपन रैथानेलाई सम्मान गरौं ।

बुढानिल्कठण्ठ नगरपालिका प्रमुख मिठाराम अधिकारीले रैथाने बालीको उत्पादन र प्रवर्द्धन गर्न स्पेस पाउनु पर्छ भनेर लड्नु पर्छ । पुर्खाले चलाएको चलनमा फेरि नयाँ भएर आएको छ । पुजा गर्दा पनि सालको टपरी उनेका पुर्खाले आर्जेको सामानहरु हराउनु हुँदैन । बुढानिल्कण्ठ नगरपालिकाले रैथाने खेतीको प्रवर्द्धन कार्यक्रम नै राखेको छ । हामी नेपालीहरुको सबै तहमा भड्किलोपनले ढाकिएको छ । चोटपटक लाग्दा वनमारा झारको प्रयोग हुन्थ्यो । यो धानलाई हेर्नु के सुनको भन्दा कम छ ?

सुन फलाउने जमीनमा घर बनेको छ । अहिले कौशीखेती गर्नुपर्छ भनेर कौशी कार्यक्रम गरेका छौं । गोलभेडा प्रेसर कुकुरमा राखेर पकाउँदा समेत पाक्दैन । आफ्नो कुरा राख्न पाउँदा खुशी लागेको छ ।

रैथाने प्रोडक्टका अध्यक्ष तिलक ढकालले मौलिक संस्कृतिमा आधारित हाटबजारको व्यवस्थापन गर्न पाउँदा आफूलाई खुशी लागेको बताउँदै रैथाने वस्तुलाई प्रवर्द्धन गर्न खोजेका छौं । बुढानिल्कण्ठ

कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश
आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम् सुधार
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र
( CAIDMP)

# कृषि विषयमा सरकार प्रति ध्यानकर्षण

*ढिलो रोपाईंका कारण नेपालको मुख्य बाली धान उत्पादनमा आउनसक्ने ह्रासका कारण, आउने खाद्य संकट सम्वोधनको रणनीति बनाउन समेत सरकारसँग आग्रह गर्दछौं ।*



काठमाडौं असार ३१ खाद्यका लागि कृषि अधियानका संयोजक उद्धव अधिकारीले अभियानको तर्फबाट एक प्रेस विज्ञाप्ति प्रकाशित गरि सरकारलाई ध्यानाकर्षण गराएको छ ।

हाम्रो समग्र खेतीपाती अहिले जलवायु परिवर्तन, वातावरणीय ह्रास, कृत्रिम रसायन तथा विषादीको प्रभावले संकटग्रस्त हुँदै गइरहेको छ । खासगरि प्रदुर्षित हावा पानी र कृत्रिम रसायन मिश्रित खाद्य पदार्थका कारण बहुसंख्यक नेपालीहरू दीर्घरोगी भएका छन् । खासगरी मानिसमा नसर्ने दीर्घरोगका कारण मानव स्वास्थ्यको जोखिम दिनप्रतिदिन बढ्दै गईरहेको छ । सामाजिक उद्यमी, किसान, किसानीबाट घरवार चल्न नसकेर कृषि क्षेत्रबाट पलायन हुँदै गईरहेका छन् । परिणामत : १० लाख हेक्टर भन्दा बढी खेतीयोग्य जमीन बाँझो भएको छ । खानेकुराको आयात र महँगी आकासिँदो छ । यस्तो अवस्थामा राज्यले देशको खाना र खेतीपाती सपार्न स्थानीय विषेशतामा आधारित दिगो खेती प्रणालीको विकास गर्न अपरिहार्य छ । पछिल्ला घटनाक्रमले राज्य यस्तो सवालहरूमा गम्भीर भएको देखिँदैन ।

रु कृषि प्रधान मुलुकमा आजसम्म एकीकृत कृषि ऐन बन्न सकेको छैन् । संविधानको वाध्यकारी व्यवस्था अनुसार बनेको खाद्य सम्प्रभुता ऐन २०७५को आजसम्म नियमावली बन्न सकेको छैन् । बनेको भू( उपयोग नियमावलीको कार्यान्वयन गर्न सकेको छैन् । दिगो कृषि प्रणाली तथा आत्मनिर्भरमुखी एकीकृत कृषि ऐन र खाद्य सम्प्रभुता नियमावलीको निर्माण साथै किसान मैत्री भू-उपयोग योजनाको कार्यान्वयनको लागि जोडदार माग गर्दछौं ।

रु अहिले लम्पी स्किन रोगको असर देशैभरी देखापरेको छ । सरकारी तथ्याङ्क अनुसार यसबाट २८ हजार वस्तुभाउ मरिसकेका छन् भने २ लाख भन्दा बढी वस्तुभाउ संक्रमित छन् । यसको कारणले दुध उत्पादन घट्नुका साथै दुग्धजन्य पदार्थको उपभोग गर्नेदेखि पशुवस्तुको मल उत्पादनका लागि

*राष्ट्रिय गौरवका आयोजनाहरूले पूर्णता नपाएको सन्दर्भलाई यथाशिघ्र फाष्ट ट्र्याकबाट तोकिएका आयोजना सम्पन्न गर्न र भूगोल अनुरूपको साना सिँचाईलाइ प्रवर्द्धन गर्न जोडदार माग गर्दछौं ।*

खेतबारीमा उपयोग गर्ने चक्रिय स्वनिर्भर खेतीप्रणाली नराम्ररी प्रभावित भएको छ । लम्पी स्किनको प्रभावले मुख्यतयाः पशुपालनमा केन्द्रित साना किसानको जनजीविका धरासायी भएको छ । हरेक प्राकृतिक विपत्तिसँग हारेका किसानहरूले राज्यलाई कहिल्यै आफ्नो अविभावकीय भूमिकामा रहे भएको देख्न पाएनन् । त्यसैले किसानले व्यहोरेको यो अपूरणीय क्षतिको यथार्थ तथ्याङ्क संकलन गरि उचित क्षतिपूर्तिको माग गर्दछौं ।

पटक(पटक आउने महामारीको अवस्थालाई हेरेर प्रभावित भूगोललाई संकटग्रस्त क्षेत्र घोषणा गरि हरेक स्थानीय तह मार्फत तत्काल दक्ष जनशक्तिको परिचालन गर्न, प्रभावित बाली, वस्तुभाउको रोगको पहिचान र निदानका उपायहरू यथाशिघ्र प्रबन्ध गर्न र महामारीबाट किसानले व्यहोर्नु परेको क्षतिलाई उचित क्षतिपूर्ति रकम उपलब्ध गराउनुका साथै भविष्यमा आउनसक्ने कृषि उत्पादनसँग सम्बन्धित प्रकोपजन्य समस्याबाट किसानलाई संरक्षकत्व प्रदान गर्नका लागि विषेश कोषको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गर्दछौं ।

रु आमसमुदाय खासगरि साना तथा सीमान्तकृत किसान सबैतिरबाट ठगिने गरेका छन् । उदाहरणको रुपमा किसानले समयमा गुणस्तरीय कृषि सामाग्री, सरकारी सेवा तथा सहायता नपाउने, उत्पादनको मूल्य तथा क्षतिपूर्ती नपाउने जस्ता अनगिन्ती समस्याहरू निरन्तर भोगिनै रहेका छन् । पछिल्लो समयमा मिटरव्याजको नाममा भएको ठगी धन्दामा किसान ठगिने र घरबारविहिन हुने क्रम रोकिएको छैन । यसका कारण विगत लामो समयदेखि पिडित किसानहरू प्रतिरोध आन्दोलनमा उत्रिएका छन् ।

विगतमा मिटरव्याज पीडितलाई सरकारले सँधै आश्वासन मात्र दिएर झुलाउने गरेको थियो । दुई महिना अगाडि मिटरब्याज पीडितको सवाल सम्वोधन गर्न अध्यादेशबाट संसदमा विधेयक प्रस्तुत गरि यसको म्याद गुजारेपनि पुनः प्रतिस्थापन विधेयक ल्याएर २०८० असार ३१ गतेको प्रतिनिधि सभाले विधेयकलाई सर्वसम्मतिले पारित गरि मिटरव्याजलाई कानुनी दायरामा ल्याएको छ । सरकार र संसदको यो कदमको स्वागत गर्दै ऐनको प्रभावकारी कार्यान्वयनको लागि जोडदार माग गर्दछौं ।

- विसं. २०६५ साउनमा भएको सम्झौता अनुरुप २०८० असार मसान्तमा कालिमाटी र बालाजु तरकारी बजारका व्यवसायीसँग गरिएको १५ वर्षको सम्झौता सकिएसँगै व्यापक खबरदारीका बाबजुद पनि जनभावना विपरित पुनः तिनै व्यापारीहरूलाई निःशुल्क सरह बजार सुम्पिनु खेदजनक छ । कालिमाटी तरकारी बजारको भाडा प्रकरण लामो समयदेखि विवादमा आएको छ । यस सन्दर्भमा, कालीमाटी बजार समितिले उपत्यकामा रहेका प्रमुख बजारमध्येका बजारहरू कालिमाटी र बालाजु तरकारी बजारका ६२२ भाडाका पसल नविकरण गर्ने निर्णय गरेको छ । २०६० सालमा बनेको कालिमाटी फलफूल तथा तरकारी बजार विकास तथा सञ्चालन नियमावली र २०७६ सालमा बनेको बजारको स्टल वितरण तथा सञ्चालन सम्बन्धी कार्यविधिलाई कुल्चिएर

गरिएको यो निर्णय सरासर विचौलिया र व्यापारीको हितमा रहेको अभियानको ठहर छ। त्यसैले यो नवीकरणको प्रकृया खारेज गरि खुला प्रतिस्पर्धाबाट उत्पादक कृषक समूह र कृषि उत्पादनमा संलग्न कृषि सहकारीलाई स्टल भाडामा लगाउन जोडदार माग गर्दछौं।

- यो वर्ष असार सकिँदासम्म आधा मात्रै रोपाईं सकिएको सरकारी तथ्याङ्कले पुष्टि गरेको छ। नदिनालाले भरिएको मुलुकमा झण्डै ६५ प्रतिशत जमीन आकाशे पानीको भरमा खेती गर्नुपर्ने विडम्बनापूर्ण अवस्था रहनु दुःखद हो। त्यसैले, तोकिएको रकम र अवधि दोब्बर भईसक्दा पनि सिँचाईका राष्ट्रिय गौरवका आयोजनाहरूले पूर्णता नपाएको सन्दर्भलाई यथाशिघ्र फाष्ट ट्र्याकबाट तोकिएका आयोजना सम्पन्न गर्न र भूगोल अनुरूपको साना सिँचाईलाइ प्रवर्द्धन गर्न जोडदार माग गर्दछौं। साथै, ढिलो रोपाईका कारण नेपालको मुख्य बाली धान उत्पादनमा आउनसक्ने ह्रासका कारण, आउने खाद्य संकट सम्वोधनको रणनीति बनाउन समेत सरकारसँग आग्रह गर्दछौं।

-सरकारले धान रोपाईं आधा भइसकेपछि धानको न्यूनतम् समर्थन मूल्य तोकेर अर्को अपरिपक्कता देखाएको छ। एकातिर कम्तिमा पनि बीउ राख्नु अगावै धान र अन्य प्रमुख बालीहरूको न्यूनतम् समर्थन मूल्य तोक्नुपर्नेमा त्यसो हुनसकिरहेको छैन भने अर्को तर्फ उत्पादन भइसकेपछि पनि सरकारले तोकेको भन्दा कम मूल्यमा फौबन्जारहरूले धान खरिद गरिसकेपछि कोटा तोकेर धान खरिद गर्न सरकार पुग्ने गरेको छ। यसबाट किसान भन्दा व्यापारी लाभान्वित भएका छन्। त्यसैले आगामी धानकाट्ने समयमा विगतको कमजोरीहरू नदोहोरिने गरि सरकार स्वयंले तोकेको समर्थन मूल्यको किसानमैत्री कार्य कार्यान्वयनमा जोड दिन माग गर्दछौं।

यसरी यो वा त्यो रुपमा समग्र नेपालको खेतीप्रणालीनै संकटमा गइरहँदा पनि नेपाली कृषिको प्रवर्द्धन गर्ने जिम्मा लिएका निकायहरू गम्भीर भएको पाइँदैन। यसर्थ, यो सँग सरोकार राख्ने सरोकारवाला संघ संगठन एवं निकायहरूलाई संघारमा आईसकेको खाद्य तथा कृषि संकट सम्वोधनका लागि आवाज वुलन्द गर्न आव्हान गर्दछौं।

*उद्धव अधिकारी*

*संयोजक, खाद्यका लागि कृषि अभियान*

# किसान महासंघले पचास प्रतिशत पसलहरु छुट्याउन गर्‍यो आग्रह

**प्रेस विज्ञाप्ति :**

नेपाल कृषि सहकारी केन्द्रीय संघ लिका अध्यक्ष परिवार खेम बहादुर पाठकले एक प्रेस विज्ञाप्ति प्रकाशित गरि ५० प्रतिशत पसलहरु किसानहरुका लागि छुट्याउन माग गरेको छ।

सरकारद्धारा संरक्षित देशभरको एकमात्र थोक तथा खुद्रा कृषि बजार कालिमाटी कृषि बजारमा किसानहरुको पहुँच नभएको व्यहोरा सर्वविद्धितै छ। यसै सन्दर्भमा नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.ले स्थापना कालदेखिनै नेपाल सरकारका विभिन्न निकाय, पदाधिकारी, सचिव एवम् मन्त्रीहरुसँग कालिमाटी बजारमा किसानहरुको पहुँच स्थापित गराउन पटक-पकट अनुरोध गर्दै



आएको छ।

उक्त कालिमाटी बजारका ५० प्रतिशत पसलहरु किसानहरुका लागि छुट्याउन हामीले गरेको आग्रहमा जिम्मेवार पदाधिकारीहरुबाट आश्वासन समेत प्राप्त भयो। जिम्मेवार पदाधिकारीबाट प्राप्त आश्वासनको कार्यन्वयन हुने विश्वासकासाथ किसानहरुले आफ्नो उत्पादन सरकारद्धारा संरक्षित देशकै ठूलो कालिमाटी तरकारी बजारबाट तरकारी बजारमा बिक्रीवितरण गर्न पाउने कुरामा हामीलाई खुसी लागेको थियो।

तर, पछिल्लो समय सरकारले हामीलाई दिएको आश्वासनलाई वेवास्ता गर्दै यस भन्दा पहिले जसले पसलहरु सञ्चालन गरेको थियो उनीहरुलाईनै दिने गरी प्रतिस्पर्धा नगराई अपारदर्शी ढंगबाट प्रक्रिया अगाडि बढाएको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। किसानहरुलाई आश्वासन र विश्वास दिलाउने तर, कार्यन्वयन नगर्ने यो परिपाटीले फेरिपनि यो बजार किसानको नभई बीचमा रहेर काम गर्ने विचौलियाहरुलाई मात्र फाइदा पुग्ने भएकोले ७७ वटै जिल्लाका किसानहरुको प्रतिनिधित्व गर्ने यो संघ सरकार र सरोकारवाला निकायहरुलाई यो प्रक्रिया तत्काल रोकी किसानहरुको लागि ५० प्रतिशत पसलहरु छुट्याउन हार्दिक अपिल गर्दछ।

यदी सरकारले देशकै एकमात्र थोक तथा खुद्रा कृषि बजारमा किसानहरुलाई वेवास्ता गर्दै अगाडि बढेको खण्डमा ७७ वटै जिल्लाका किसान आन्दोलित हुन वाध्य हुने अवगत गराउँदै पुनः सरकार र सरोकारवाला निकायको ध्यानाकर्षण गराउँदै हार्दिक अपिल गर्न चाहन्छौं। विज्ञाप्तिमा भनिएको छ।


कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम् सुधार कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र
( CAIDMP)

# अवैध रुपमा भित्रिने दूध तथा दुग्ध पदार्थ रोक्न बुझाए ज्ञापनपत्र



काठमाडौं साउन ३ गते नेपाल डेरी एशोसिएसन लुम्बिनी प्रदेशले रुपन्देही जिल्ला भैरहवा भन्सार कार्यालय वेलहियालाई अवैध रुपमा भित्रिने दूध तथा दुग्ध पदार्थ नियन्त्रणका लागि मिति २०८० साउन ३ गते ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्रमा, नेपाल भरिका डेरी व्यवसायीहरुले देशको कुना तथा दुर्गम गाउँ-गाउँबाट लाखौं कृषकहरुबाट उत्पादित दूध संकलन गरी उक्त दूधलाई देशमा रहेको विभिन्न शहरहरुमा बजार बनाई दैनिक रुपमा लाखौं कृषकहरुले उत्पादन गरेको दूध बजारमा बिक्री गरी दैनिक करोडौं रुपैयाँ बजारबाट गाउँमा प्रत्यक्ष रुपमा भईरहेको र लाखौ व्यक्तिहरुलाई दुधमा रोजगारीको अवसर पाईरहेको अवस्था छ । जसमा फल्स सिजनमा बढी उत्पादन भएको दूधलाई धुलो दूध (SMP) र वटर उत्पादन गरी, स्टक गरी दुग्ध पदार्थलाई बैशाखदेखि भाद्रसम्मको सुख्खा सिजनमा प्रयोग गरि उपभोक्तालाई दूध तथा दुग्ध पर्दाथ अभाव हुन नदिई निरन्तर आत्मनिर्भर भईरहेको अवस्थामा हाल देश आर्थिक मन्दिले ग्रस्त भईरहेको अवस्थामा अबका दिनमा बजार सुस्त रुपमा चलायमान रहेको र स्वदेशमा रहेका उद्योगहरुले आफ्नो खर्चलाई व्यवस्थापन गरि आशा लाग्दो तरिकाले सुस्त रुपमा क्रमिक रुपमा सुधार गरि अगाडि बढ्दै गएको अवस्थामा हाल आएर वैदेशिक वज्रपात परेको जानकारी यहाँ समक्ष जानकारी गराउँदछौं । आजको दिनमा बजार वैदेशिक वज्रपात भन्नाले छिमेकी राज्य भारतबाट विदेशी ब्राण्डका दूध तथा दुग्ध पदार्थ अवैध रुपमा निरन्तर पैठारी भैरहेको र बजारको यस्तो अवस्था रहेको यहाँलाइ अवगत गराउँदै यदि समयमा नै यो वैदेशिक दूध तथा दुग्ध पदार्थ अवैध पैठारीलाई रोक्न सकिएन भने देशभित्र रहेका हजारौं डेरी उद्योगहरु बन्द हुने जसको प्रभावले राज्यको ठूलो लगानी डुब्ने अवस्थामा छ । उद्योग बन्द भएपछि उद्योगमा रोजगार गर्ने लाखौं युवाहरु वेरोजगार हुने अवस्था रहने छ । त्यसकारण यस्तो भयावह अवस्थाबाट राज्यलाई बचाउनको लागि विदेशबाट आईरहेको सम्पूर्ण दूध तथा दुग्धजन्य पदार्थलाई प्रक्रिया मिलाई वैदेशिक पैठारीलाई पूर्ण रुपमा बन्द गर्न व्यवस्था मिलाई दिनु हुन यो ज्ञापन पत्र पेश गरेका छौं, अध्यक्ष न्यौपानेद्धारा हस्ताक्षरित ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

थानेशवर न्यौपाने  
अध्यक्ष  
नेपाल डेरी एशोसिएशन  
लुम्बिनी प्रदेश

# उचित मूल्य नपाएको कारण किसानहरुको फाले गोलभेडा

मिति: २०८० असार ०३

**प्रेस विज्ञप्ती :**

हाल बजारमा गोलभेडाले उचित मुल्य नपाएको कारण गोलभेडा उत्पादक किसानहरुले ठूलो क्षति बेहोर्नु परेको छ । जसबाट किसानहरुको दैनिक जिविकोपार्जन प्रत्यक्ष प्रभावित भएको छ । कडा परिश्रम र उच्च लगानीबाट उत्पादित कृषि उपजहरुले लागत मुल्यसमेत नपाउने परिस्थिती बारम्बार दोहोरिनुले कृषि पेशा दिनप्रतिदिन जोखिमपूर्ण बन्दै गईरहेको प्रष्ट देखिन्छ । यसरी नेपाली किसानहरुले विभिन्न कारणबाट बिभिन्न समयमा भोग्नु परिरहेको क्षतिप्रति अखिल नेपाल किसान महासंघ दु:ख व्यक्त गर्दछ । किसानका समस्याहरुमा सरकारको सून्य जबापदेहीताप्रति अखिल नेपाल किसान महासंघको गम्भिर ध्यानाकर्षण भएको छ ।

हाल उतपादित गोलभेडाको लागत मुल्य समेत प्राप्त नभइरहेको कारण कालिमाटी तरकारी तथा फलफुल बिकास समिति र कृषि तथा पशुपन्छी मन्त्रालय लगायतका संबन्धित निकायमा आवश्यक क्षतिपूर्ति तथा दीगो समाधानको माग गर्दै पिडीत किसानहरु पुगेका थिए । तर, सरकारले उक्त मागहरुप्रति वेवास्ता गरेको कारण आज २०८० असार ३ गते कालीमाटी बजार लगायतका स्थानमा किसानहरु पून गोलभेडा सडकमा नष्ट गर्न बाध्य भए । यसरी किसानको श्रम र पसिनाबाट सिंचित उत्पादनहरु सडकमा नष्ट भएको टुलुटुलु हेरेर बस्ने सरकार र संबन्धित निकायको औचित्यतामाथि आम किसानहरुले प्रश्न गरिरहेका छन् र जबाफ मागिरहेका छन् । नेपाली कृषि बजारलाई सुरक्षित गर्ने र किसानलाई संरक्षण गर्ने सरकारको कुनै प्रभावकारी नीति नभएका कारण किसानहरु दुध, तरकारी, कुखरा, अण्डा लगायतका उपजहरु सडकमा फ्याकेर विरोध गर्न बाध्य छन् । किसानहरु विभिन्न माध्यमबाट सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् । तर सरकारले समस्या संवोधनका लागि कुनै ठोस कदम लिन चाहेको देखिदैन । जसबाट किसानप्रति सरकारको जवाफदेहिता र उत्तरदायित्व सुन्य रहेको पुष्टि गर्दछ । हाल गोडभेला उत्पादनमा क्षति भोगेका गोलभेडा किसानको उत्पादनको वास्तविक तथ्याङ्क संकलन गरी उनीहरुको लागतमुल्य बराबरको रकम राहत स्वरुप थयाशिघ्र प्रदान गर्न अखिल नेपाल किसान महासंघ सरकारसंग माग गर्दछ । साथै यसप्रकारका समस्याको दीगो समाधानका लागि उत्पादित सम्पूर्ण कृषि उपजहरुको समर्थन मुल्य निर्धारण गरी उक्त मुल्यमा अनिवार्य खरिदको व्यस्था मिलाउन सरकारको गम्भिर

# राष्ट्रिय किसान सञ्जालको ध्यानाकर्षण

राष्ट्रिय किसान सञ्जाल
National Peasants' coaliation
मितिः २०८० असार २९
**प्रेस विज्ञप्ती :**

१. नेपाल सरकारको स्वामित्वमा संचालनमा रहेको कालीमाटी तरकारी तथा फलफूल बजारका स्टल तथा सटरहरु विना प्रतिस्प्रर्धा पूरानै व्यापारीहरुलाई नविकरण गर्ने गरी कालीमाटी बजार विकास समितिले गरेको निर्णयप्रति राष्ट्रिय किसान सञ्जालको गम्भिर ध्यानाकर्षण भएको छ । विकास समितिको यो निर्णय आपत्तीजनक रहेको रीाष्ट्रिय किसान सञ्जालको ठम्याई रहेको छ । किसान सञ्जालले प्रतिस्पर्धामार्फत बजारका स्टल तथा सटरहरु भाडामा उपलब्ध गराउन र किसानकालागि ५० प्रतिशत कोटा छुट्याउन माग गदै बजार विकास समितिलाई पटक पटक ध्यानाकर्षण गराउँदै आएको थियो ।

तर आम किसानका आवाजलाई वेवास्ता गरी सरकारी निकायबाटै किसानसंग सरोकार राख्ने सरकारको सम्पत्तिको प्रयोग अनुचित तवरले हुन गएको छ । राज्यका निकायका यसप्रकारका गतिविधिबाट सरकारी स्वामित्वमा रहेका बजारहरु केवल व्यापारीका नाफाका लागि नभई किसान र उपाभोक्ताको हितमा सञ्चालन गरिएका हुन भनी विश्वास गर्ने कुनै आधार रहेन । नेपाल सरकारका साथै यस निकायमाथि सुशासन, पारदर्शिता र उत्तरदायित्वमाथि गम्भीर प्रश्न उठेको छ । जसको जवाफ नेपाली किसानहरुले खोजेका छन् र खोजिरहने छन् । बजारका सटरहरु बिना प्रतिस्प्रर्धा भाडामा दिने सम्झौता नविकरण गरिएमा सञ्जालले यसका विरुद्धमा आन्दोलन गर्ने व्यहोरासमेत जानकारी गराईसकिएको थियो । तर किसानका आवाजलाई उपेक्षा गर्ने र लत्याउने काम समितिले गरेको छ । त्यसैले समितिले गरेको अबैज्ञानिक र अपारदर्शी निर्णय आजका मितिले१ हप्ताभित्र सच्याउन सञ्जाल आग्रह गर्दछ ।

२. देशभर फैलिएको लम्पी स्किन रोगको महामारीबाट ठुलोमात्रामा पशुवस्तुहरु प्रभावित छन् । ठूलो संख्यामा पशुवस्तु मरेका छन भने सोहीमात्रामा संक्रमित छन् । यतिबेला पशुपालन व्यवसाय गरिरहेका किसानहरु आहत भएका छन् । यसप्रकारको संकटपूर्ण अवस्थामा पनि सरकारले रोगको उपचार, नियन्त्रण र रोगबाट पशुवस्तुमा क्षति पूगेका किसानलाई राहत सहित पूर्नस्थपनाको प्याकेज यथासिघ्र घोषणा गर्न सञ्जाल जोडदार माग गर्दछ । साथै यस बिकराल अवस्थामा बिमित किसानहरुले बीमाको रकम भुक्तानी नपाएको र बीमा कम्पनीहरुले बीमा नबिकरण गर्न नमानीरहेको व्यापक गुनासो किसानहरुको रहेको बिषयप्रति राष्ट्रिय किसान सञ्जालको गम्भिर ध्यान गएको छ र नेपाल बीमा प्राधिकरणको ध्यानाकर्षण गराइएको छ ।




संकटको बेला किसानको सारथी बन्नुपर्ने बीमा कम्पनीहरु दुःखका रमिते बनेर बस्नु आफैमा बीमाको अबधारणा र उद्देश्य विपरित छ । बिमित किसानहरुको भुक्तानी नदिने, आलटाल गरी किसानलाई दुःख दिने र पशुधन बीमा नविकरण नगर्ने कम्पनीलाई यथासिघ्र कारवाहीको दायरामा ल्याई कानून बमोजिम कारबाही गर्नकालागि हामी माग गर्दछौं ।

बीमा कम्पनीहरुको प्रभावकारी अनुगमन गरी बीमित किसानको रकम अभिलम्ब भुक्तानी गर्न गराउन र कृषि बीमामा देखिएका जटिलताहरुको समाधान किसानको पक्षमा गर्न गराउन प्राधिकरणलाई हामी आग्रह गर्दछौ । बाली तथा पशुधन बीमाको लागि नेपाल सरकारले ८० प्रतिशत अनुदान दिदै कृषि बीमालाई आम किसानकोबीचमा पुर्‍याउन प्रयास गरेको भएता पनि कृषि बीमा अत्यन्त न्यून रहेको छ । कृषि बीमालाई सरलीकृत र सहज बनाउनका लागि बीमा प्राधिकरणले बिशेष कदमहरु चाल्न आग्रह गर्दछौं ।

कृषि तथा पशुधन बीमामा देखिएका समग्र समस्याको अबिलम्ब समाधान गरी किसानले सरल र सहज रुपमा बिमा र नवीकरण गर्न पाउने र बिमीत किसानले भुक्तानी पाउने कुराको आजको मितिले १ हप्ताभित्र सुनिश्चित गर्न माग गर्दछौं ।

३. धान नेपालको प्रमुख खाद्यान्न बाली हो । कुल गार्हस्थ उत्पादनमा ७ प्रतिशत र कृषिमा २० प्रतिशत र कुल खाद्यान्न उत्पादनको ५५ प्रतिशत धानवालीले योगदान गरेको छ । तर यही मुख्य बाली लगाउने समयमा रासायनिक मलको अभाव भएका समाचारहरु सार्वजनिक भैरहेका छन् भने किसाहरुन रुष्ट छन् । यस्तो अभाब यसबर्ष मात्र हैन खेतिपाती लगाउँने सबै वर्ष र मौसम (सिजन) मा हुने गरेको छ । किसान खेतिपाती गर्न छाडेर मलका लागि भौतारिनु पर्ने अवस्था आउनु विडम्बना हो । तयसैले रासायनीक मलको आपूर्तिमा भएको अभावको तत्काल अन्त्य गरी गुणस्तरिय मल समयमै सहज ढंगले उपलब्ध गराउन र मल वितरण प्रकृयालाई व्यवस्थित गर्न सञ्जाल जोडदार माग गर्दछ ।

कृषि र किसानसंग प्रत्यक्ष सरोकार राख्ने उल्लेखित मागहरुप्रति सरकार सशंबेदनशील र उक्तदायी भई ठोस कदम लिन राष्ट्रिय किसान सञ्जाल नेपाल सरकासंग माग गर्दछ । किसानका माग संबोधन हुने विश्वास राख्दै हामी १ हप्तासम्म पखाईमा रहने छौं । सरकार र संबन्धित निकायहरुले किसानका मागप्रति वेवास्ता वा उपेक्षा गरेमा राष्ट्रिय किसान सञ्जाल देशभर किसान परिचालन गरी शसक्त आन्दोलनमा उत्रिने व्यहोरा जानकारी गराउँदछौं । जससबाट उत्पन्न हुने परिस्थितिको जिम्मेबारी नेपाल सरकार र सरोकार राख्ने संबन्धित निकायहरु नै जिम्मेबार हुने व्यहोरा समेत जानकारी गराँउदछौं ।

राष्ट्रिय किसान सञ्जालमा आवद्ध किसान संघ संगठनहरुः

१. अखिल नेपाल किसान महासंघ
२. नेपाल किसान महासंघ
३. राष्ट्रिय प्रजातान्त्रिक किसान संगठन
४. नेपाल पिछडावर्ग किसान संघ
५. सामुदायिक वन उपभोक्ता महासंघ
६. राष्ट्रिय कृषक समुह महासंघः सचिब

# राष्ट्रिय किसान सञ्जालको पुर्नगठन




राष्ट्रिय किसान सञ्जालद्धारा संयोजक गणेश तिमिल्सिनाले एक विज्ञाप्ति प्रकाशित गरि किसानको मागहरु पूरागर्न माग गरेको छ ।

यहि मिति २०८० असार २१ गते किसान संघ-संगठनहरुबीच किसान र कृषि क्षेत्रका समसामायिक विषयमा भएको छलफल तथा अन्तर्रक्रियाबाट सबै किसान संघ-संगठनको संयुक्त भूमिकाबाट देशको किसान आन्दोलनाई शसक्त रुपमा अगाडि बढाउनुपर्ने आवश्यकताको महशुस गर्दै राष्ट्रिय किसान सञ्जाललाई पूर्नगठन गरिएको छ ।

राष्ट्रिय किसान सञ्जालको संयोजक रुपमा नेपाल किसान महासंघका सभापति गणेशचन्द्र तिमिल्सिनालाई चयन गरिएको छ । सञ्जालको नेतृत्व ६/६ महिनामा परिवर्तन हुने र अन्य सदस्य संघ-संगठनहरुले आपसी समझदारीमा पालैपालो नेतृत्व गर्ने छन् । सञ्जालको सचिवालय अखिल नेपाल किसान महासंघको कार्यालयमा रहने छ । सञ्जालले आगामी कार्यदिशा तय गर्न कार्यशाला गोष्ठी गरी कार्ययोजना सहितको रणनीति तय गर्ने छ । किसान सञ्जालले किसान र कृषि क्षेत्रका समसामयिक समस्याका विषयमा आज मिति २०८० असार २२ गते माननीय कृषि तथा पशुपन्छी मन्त्रीलाई ज्ञापनपत्र बुझाएर आफ्नो कामको पूनः शुरुवात गरेको छ । साथै सोही विषयमा पत्रकार तथा मिडियाका साथिहरुसँग छलफल गर्ने उद्देश्यले पत्रकार सम्मलेनको आयोजना गरेका छौं ।

देशको कृषि क्षेत्र र किसानले अनेकौं समस्या भोगिरहेको अवस्था छ । कृषिक्षेत्रमा संलग्न ५० प्रतिशत भन्दा बढी जनसंख्या विभिन्न समस्याले निराश बनिरहेको अवस्थाले कृषि पेशा छाड्ने वा विस्थापित हुनेक्रम रहेको व्यहोरा हामी सबै जानकार नै छौं । देशको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान र संलग्न जनसंख्याको आधारलाई हेर्दा यस क्षेत्रको वजेटको अनुपात अत्यन्तै न्यून् रहेको छ । नेपाल जस्तो भूमि, जलस्रोत, जलवायु र

*हाम्रो देशको कृषि क्षेत्रको वर्तमान अवस्थालाई हेर्दा परम्परागत निर्वाहमुखी खेती प्रणालीबाट आधुनिक, व्यावसायिक कृषि प्रणालीतर्फ उन्मूख सङ्क्रमणकालीन अवस्थामा छ ।*

मौसमको विविधताले पूर्ण एवम् ४० प्रतिशत युवा जनशक्ति भएको देश कृषि उत्पादनमा आत्मनिर्भर पनि हुन नसक्ने अवस्था हुनु दुःखद् विषय हो ।

देशका कर्मशील युवा वैकल्पिक रोजगारीका लागि विदेशिनुपर्ने, विदेशबाट आएको विप्रेषणले खानाकै लागि विदेशबाटै ठूलो मात्रामा कृषि तथा कृषिजन्य वस्तुको आयात हुनु विडम्वनापूर्ण नै हो  हाम्रो देशको कृषि क्षेत्रको वर्तमान अवस्थालाई हेर्दा परम्परागत निर्वाहमुखी खेती प्रणालीबाट आधुनिक, व्यावसायिक कृषि प्रणालीतर्फ उन्मूख सङ्क्रमणकालीन अवस्थामा छ । यसले उचित मार्गदर्शन खोजिरहेको छ । यस क्षेत्रमा रहेका उत्पादनका स्रोतसाधनको सदुपयोग र न्यायको सिद्धान्तका आधारमा उच्चतम् प्रयोग, उत्पादकत्व वृद्धि र उत्पादक शक्तिको विकास गर्दै कृषि तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भर हुने र निर्यातलाई प्राथमिकतामा राख्दै राष्ट्रिय पुँजीको विकास गर्न र किसानको जीवनस्तर समुन्नत बनाउनेतर्फ नेपाल सरकारले ठोस नीति लियोस भनी राष्ट्रिय किसान सञ्जाल माग गर्दछ ।

वर्तमान समयमा बाढी, पहिरो, डुवानबाट क्षतिपुगेका किसानलाई राहत र पुनर्स्थापनाका लागि विशेष कार्यक्रम ल्याईयोस । साथै देशभर पशुवस्तुहरुमा महामहारीको रुपमा देखिएको लम्पि स्किन रोगको नियन्त्रण, यस रोगबाट पशुवस्तुमा क्षति पूगेका किसानलाई राहत र विमाको रकम भुक्तानी यथासिघ्र गर्नुपर्ने लगायत निम्न वमोजिमका मागहरु सम्वोधन गर्न माननीय कृषि तथा पशुपन्छी मन्त्रीको ध्यानाकर्षण गराइएको छ ।

**हाम्रा मागहरु :**

१.मुलुकभर पशुवस्तुमा महामहारीको रुपमा फैलिएको लम्पि स्किन रोगको नियन्त्रण, रोगबाट पशुवस्तुमा क्षति पूगेका किसानलाई राहत, क्षतिपूर्ति र विमाको भुक्तानी यथासिघ्र गरियोस् ।

२. मुलुकलाई आवश्यक पर्ने रासायनीक मलको व्यवस्थित गरियोस् । किसानले सहजै प्राप्त गर्ने गरी आपूर्तिको व्यवस्था गरि मल वितरण प्रणालीलाई कडाईकासाथ अनुगमन गरियोस् ।

३. विमा कम्पनीहरुले कृषि विमा वापतको रकम नेपाल सरकारबाट भुक्तानी लिएर पनि किसानलाई भुक्तानी नदिरहेको अवस्थालाई छानविन गरी अविलम्व किसानले भुक्तानी पाउने व्यवस्था गरियोस् । सबै कृषि तथा पशुवालीको विमा गर्ने व्यवस्था गरियोस् ।

४. किसान वर्गिकरण सहितको किसान परिचयपत्रको व्यवस्था गरी उक्त कार्डका आधारमा राज्यबाट किसानले पाउने सेवा सुविधाहरु सुनिश्चित गरियोस् ।

५. यस वर्षका लागि धानको समर्थन मूल्य अविलम्ब घोषणा गरियोस् । धान लगायतका खाद्यवाली, तरकारीवाली र फलफूलसमेतको न्यूनतम समर्थन मुल्य निर्धारण गरी उक्त मुल्य किसानले अनिवार्य पाउने गरी खरिदको सुनिश्चितता गरियोस् ।

६. खाद्य सम्प्रभुता नियमावली अविलम्ब जारी गरी खाद्य अधिकार तथा खाद्य सप्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गरियोस् ।

७. किसानलाई सम्मान, कृषि भूमिको अधिकतम उपयोग, सिँचाईको व्यवस्था, स्थान र वाली विशेष प्रविधिको प्रयोग, कृषि उत्पादनका लागि आवश्य गुणस्तर सामाग्रीको सहज आपूर्ति गरी उत्पादनमा आत्मनिर्भर हुने नीति लिईयोस् ।

८. कृषिको बजेट, नीति तथा कार्यक्रम निर्माण र कार्यन्वयनमा किसान संघ संगठनहरुको सहभागीता अनिवार्य गरियोस् ।

९.कपास विकास समिति र दुग्ध विकास

वोर्ड खारेज गर्ने सरकारको निर्णय अविलम्ब सच्याईयोस् ।

१०. किसानका हक, अधिकारका संरक्षण, सम्वर्धन र प्रवर्द्धनका लागि मुलुकको किसान आन्दोलन मार्फत स्थापित एकमात्र संस्था राष्ट्रिय किसान आयोग, देशको कृषि उत्पादनमा आत्मनिर्भर बन्नका र व्यवसायिक उत्पादनलाई प्रवर्द्धन गर्दै किसानहरुको आर्यआर्जन बढोत्तरीमा सहयोग पु¥याईरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, विदेशबाट आयातित पशुवस्तु/बोटविरुवा तथा कृषि उपजहरुको रोग विषादी जाँच गर्ने महत्वपूर्ण निकायहरु प्लान्ट क्वारेनटाइन तथा विषादी व्यवस्थापन कार्यक्रम, पशु स्वस्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन लगायत बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम, समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रम, भूमिगत जलस्रोत विकास समिति, जलस्रोत विकास तथा अनुसन्धान केन्द्र, केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम, खाद्य पोषण तथा प्रविधि कार्यक्रमहरुमा बजेट विनियोजन नगरिएकोमा उपरोक्त संस्थाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि प्रयाप्त मात्रामा वजेट विनियोजन गरियोस् ।

११. हाल संचालनमा रहेका कृषि बजारहरुको प्रभावकारी नियमन गर्ने । सरकारी स्वामित्वमा सञ्चालनमा रहेका कृषि बजारका स्टल तथा सटरहरु खुला प्रतिस्प्रर्धाका आधारमा करारमा दिने व्यवस्था गरियोस् । साथै कृषि बजारहरुमा स्थानीय उत्पादनहरु बिक्री वितरणलाई प्राथमिकता दिनेगरी किसानका लागि छुट्टै स्टल तथा सटरहरु छुट्याउने व्यवस्था गरियोस् । किसान र व्यापारीबीचको अक्सन सेन्टरको विकास गरी सप्लाई चेनको दुरी कम गर्ने ।

१२. आगामी एकदशक कृषिक्रान्ति दशक घोषणा गरी सरकारका नीति, कार्यक्रम, योजना र वजेट प्राथमिकता दिई अभियान सञ्चालन गर्ने व्यवस्था मिलाइयोस् ।

१३. वाणिज्य बैंकहरुबाट प्रदान गरिने सहुलियत दरको कृषि कर्जा कार्यान्वयनको अवस्था अध्ययन गरी वास्तविक किसानहरुले सहज रुपमा प्राप्त गर्ने प्रभावकारी संयन्त्रको निर्माण गरियोस ।

१४. कृषि वालीमा खुला पशु तथा वन्यजन्तुको आक्रमणको समस्यालाई दिर्घकालीन समाधानको व्यवस्था गरियोस् ।

१५. किसानलाई सामाजिक सुरक्षा प्रणाली कार्यक्रमसँग जोडियोस् ।

१६. बाढी, पहिरो, डुवानबाट क्षतिपूगेका किसानलाई राहत र पूर्नस्थापनाका लागि विशेष कार्यक्रम ल्याईयोस् । किसान कोषको स्थापना गरियोस् ।

१७. नेपालमा खेति गरिने कृषि बाली तथा पशुपन्छीका बीउ/विरुवा तथा नश्लमा देशको आवश्यकता आपूर्तिमा देखिएको खाडलको अध्ययन गरी गुणस्तरयुक्त बीउबिजन तथा नश्लहरुको विकास र उत्पादनद्धारा आत्मनिर्भर बन्ने रणनीति लिइयोस् ।

१८.कृषि वन कार्यक्रमलाई विस्तार–जडिवुटी, फलफूल खेत, घाँस, मत्स्य पालन लगायतलाई विस्तार गरी कृषि वन तथा वन्यजन्य खाद्य अभियान सञ्चालन गर्ने नीति कार्यक्रम र वजेट विनियोजन गरियोस् ।

१९. निकुञ्ज आरक्षरण संरक्षण क्षेत्रलाई समुदायमैत्री बनाइयोस् ।

२०. किसानको पक्षमा व्यवस्थित सामुदायिक सिँचाई विकास कार्यक्रमहरु ल्याईयोस् । जलउपभेक्तालाई सुदृढ र सक्षम बनाउने कार्यक्रम ल्याईयोस् । सिँचाईका पूर्वाधार निर्माण र मर्मत सम्भारका लागि प्रयाप्त बजेट छुट्याउने व्यवस्था गरियोस् ।

२१.केहिदिन अगाडि कालिमाटी बजारमा फ्याकिएको गोलभेडा, चितवनमा फ्याकिएको गोलभेडासमेतका तरकारी र झापामा फ्याकिएका कुखुरा र कुखुराका अण्डाको किसानलाई क्षतिपूर्तिको व्यवस्था गरियोस् ।

२२. कृषि तथा पशुपन्छी समूहहरु दर्ता र नविकरण गर्दा निशुल्क गरियोस र आयकरमा सरलिकृत गरियोस् ।

राष्ट्रिय किसान सञ्जालका सदस्य संघ संगठनहरु

१. अखिल नेपाल किसान महासंघ
२. नेपाल किसान महासंघ
३. राष्ट्रिय प्रजातान्त्रिक किसान संगठन
४. नेपाल पिछडावर्ग किसान संघ
५. सामुदायिक वन उपभोक्ता महासंघ
६. राष्ट्रिय कृषक समुह महासंघः सचिव
७. राष्ट्रिय सिँचाई जलउपभोक्ता महासंघ
८. राष्ट्रिय भूमि अधिकार मञ्च
९. फियान नेपालः कार्यकारी निर्देशकः अशोक सिंह/सफल सुब्बा

# किसान र उद्योगीको समस्या हल गर्न दुग्ध विकास बोर्डको प्रयास

काठमाडौं श्रावण ५ राष्ट्रिय दुग्ध विकास बोर्डले सरोकारवालाहरुलाई बोलाई हाल दुग्ध क्षेत्रमा देखिएका विविध समस्याका विषयमा छलफल ग¥यो ।

कार्यक्रममा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट सह(सचिव डा. रामनन्दन तिवारी, पशु सेवा विभागबाट श्याम सुन्दर यादव, दुग्ध विकास संस्थानका महाप्रबन्धक संजीव झा, नेपाल डेरी एसोसिएसनका अध्यक्ष प्रल्हाद दाहाल, डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहाल, केन्द्रीय दुग्ध सहकारी संघका कृष्ण प्रसाद सापकोटा, महासचिव राम आचार्य, डेरी साइन्स एसोसिएसनका उपाध्यक्ष शियाराम सिंह, केन्द्रीय पशुपंक्षी मत्स्य सहकारी संघका अध्यक्ष बाबुराम अधिकारी, नेपाल डेरी एसोसिएसन बागमती प्रदेशका अध्यक्ष टिकाप्रसाद घिमिरे, लुम्बिनी प्रदेश अध्यक्ष थानेश्वर न्यौपाने एवं राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक डा.राजेन्द्र यादव लगायतका उपस्थिति थिए ।

छलफलमा बोर्डका उपकार्यकारी निर्देशक डा.बालक चौधरीले कार्यपत्र प्रस्तुत गरि वर्तमान समस्याका बारेमा सबैलाई जानकारी गराए । छिमेकी देश भारतबाट नेपालको सिमाबाट अवैध रुपमा दूध तथा दुग्ध पदार्थ आयात भएकाले समस्या माथि समस्या थपिएको कुरा देखियो । अहिले लम्की डिजिजको विषयमा राज्य गम्भीर हुनु प¥यो, दूधको उपभोग घटेको विषयमा राज्यले दुध सेवन गर्न आम जनतालाई सु(सूचित गर्नुप¥यो, धुलो दूध बनाएर राख्दा पूँजी फ्रिज हुने हुँदा सहज रुपमा राज्यले उद्योगलाई चालु उपलब्ध गराउन सक्ने हो भने समस्या समाधान गर्न सजिलो हुने छलफलमा उठेका थिए ।

हाल ४ लाख लिटर दूध बढी भएको तथ्याङ्क उद्योग र किसान दिएको तथ्याङ्कले देखाएको छ । बैठकमा राष्ट्रिय दुग्ध विकासको खारेजी गर्ने विषय सरकारको गलत कदम भएको ठहर गरेको थियो । अहिले यस्तो बेला बोर्ड खारेजीको चपेटामा परेपनि बोर्डले छलफल गरेको विषय अत्यन्तै राम्रो भएको र यसले थोरै भए पनि उद्योगी र किसानलाई मलमपट्टी पुगेको कुरामा सरोकारवाला सहभागीहरुले बोर्डलाई धन्यवाद दिएका थिए ।

# राष्ट्रिय किसान सञ्जालद्धारा संघर्षको घोषणा

राष्ट्रिय किसान सञ्जालद्धारा संघर्षको घोषणा

काठमाडौं साउन ५ एक प्रेस विज्ञाप्ति प्रकाशित गरि राष्ट्रिय किसान सञ्जालमा आवद्ध किसान संघ संगठनहरु अखिल नेपाल किसान महासंघ, नेपाल किसान महासंघ, राष्ट्रिय प्रजातान्त्रिक किसान संगठन, नेपाल जनता समाजवादी किसान महासंघ, नेपाल पिछडावर्ग किसान सघ, सामुदायिक वन उपभोक्ता महासंघ, राष्ट्रिय कृषक समुह महासंघ, राष्ट्रिय सिँचाई जलउपभोक्ता महासंघ, राष्ट्रिय भूमि अधिकार मञ्च, फियान नेपाल विज्ञाप्ति प्रकाशित बगरि यही साउन



८गते देखि कालीमाटी तरकारी बजार मूल गेटमा धर्ना पहिलो चरणको संघर्ष स्वरुप कार्यक्रमको घोषणा गरेको छ।

प्रेस विज्ञप्ती

नेपाल सरकारको स्वामित्वमा सञ्चालनमा रहेको कालीमाटी तरकारी तथा फलफूल बजारका स्टल तथा सटरहरु विना प्रतिस्प्रर्धा पूरानै व्यापारीहरुलाई भाडामा दिन नविकरण गर्ने कालीमाटी बजार विकास समितिको निर्णय आम किसान, उपभोक्ता हित र बजारको नियम विपरित रहेको छ। आम किसानको खुल्ला प्रतिस्पर्धामार्फत सटरहरु भाडामा लगाउनु पर्ने माग हुदा-हुदै सीमित व्यापारीको हितमा नवीकरण गर्नु आपत्तिजनक र रहस्यपूर्ण रहेको छ। विकास समितिले किसानका आवाज र अधिकारलाई लत्याउदै व्यापारीको प्रभावमा परेर गरेको यस निर्णयप्रति राष्ट्रिय सञ्जाल खेद व्यक्त गर्दछ। सञ्जालले यस विषयमा पटक-पटक कृषि तथा पशुपंछी विकास मन्त्रालयको नेतृत्व र विकास समितिको ध्यानाकर्षण गराउँदै आएको थियो। तर कुनै सुनवाई भएन।

देशभर फैलिएको लम्पी स्किन रोगको महामारीबाट ठूलोमात्रामा पशुवस्तुहरु प्रभावित छन्। ठूलो संख्यामा पशुवस्तु मरेका छन भने सोहीमात्रामा संक्रमित छन्। पशुपालन व्यवसाय गरिरहेका किसानहरु आहत भएका छन्। महामारीको रुपमा फैलिएको यो रोगको क्षति र क्षतिबाट आहत भएका पशुपालक किसानलाई राहत पुऱ्याउने कुनै विशेष कार्यक्रम घोषणा गर्न नसक्नु सरकारको गैरजिम्मेवारीपनाको पराकाष्ठ हो। यस विकराल अवस्थामा पनि बिमित किसानहरुले बीमाको रकम भुक्तानी नपाएको र बीमा कम्पनीहरुले बीमा नविकरण गर्न नमानिरहेको व्यापक गुनासो किसानहरुको रहेको छ। संकटको बेला किसानको साथी बन्नुपर्ने बीमा कम्पनीहरु दुःखका रमिते बनेर बस्नु आफैमा बीमाको अवधारणा र उद्देश्य विपरित छ। रोपाईको समयमा अत्यधिक माग हुने रासायनिक मल यसवर्ष पनि सहज आपूर्ति हुन सकिरहेको छैन। किसान खेतिपाती गर्न छाडेर मलका लागि भौतारिनु पर्ने अवस्था आउनु विडम्बना हो। यी सबै परिस्थितिबाट यो सरकार किसानको सहि अविभावक बन्न र कृषि क्षेत्रका समस्या सम्वोधन गर्न असक्षम र असफल भएको छ भन्ने कुरा स्पष्ट हुन्छ।

यस्तो अवस्थामा हाम्रा मागहहरुः

१. कालीमाटी तरकारी तथा फलफूल बजारका स्टल तथा सटरहरु विना प्रतिस्प्रर्धा पूरानै व्यापारीहरुलाई भाडामा दिन नविकरण गर्ने कालीमाटी बजार विकास समितिको अवैज्ञानिक, अपारदर्शी, किसान र उपभोक्तको हित विरोधी निर्णय तत्काल खारेज गरी स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट सटर र स्टलहरु भाडामा लगाइयोस्। ५० प्रतिशत सटर र स्टलहरु किसानलाई छुट्याइयोस्।

२.लम्पी स्किन रोग देशव्यापी फैलिएको र ठुलोमात्रामा पशुवस्तुहरुको क्षति भएको अवस्थामा यो रोगको महामारी घोषणा गरी किसानलाई राहत, क्षतिपूर्ति र पुनर्स्थापना गरि रोगबाट मृत्यूभएका पशुहरुको बीमा भूक्तानी अभिलम्ब गरियोस्। बिमित किसानहरुको भुक्तानी नदिने, आलटाल गरी किसानलाई दुःख दिने र पशुधन बीमा नविकरण नगर्ने कम्पनीलाई यथासिघ्र कारवाहीको दायरामा ल्याई कानून बमोजिम कारबाही गर्नकालागि माग गर्दछौं।

३. रासायनीक मलको आपूर्तिमा भएको अभावको तत्काल अन्त्य गरी गुणस्तरिय मल समयमै सहज ढंगले उपलब्ध गराइयोस्।

किसानका उपरोक्त मागहरु पूरा गर्न गराउन पटकपटक सम्वन्धित निकाय र पदाधिकारीहरुलाई अनुरोध र आग्रह गर्दा पनि सुनवाई भएको अवस्था छैन। अतः किसानका जायज मागहरु पूरा गर्न गराउन आम किसान परिचालित गर्ने राष्ट्रिय किसान सञ्जालको निष्कर्ष रहेको छ। यस आन्दोलनमा सहभागि भई नेपाली किसानको हक हित र अधिकार रक्षाका लागि एक्येवद्धता जनाउन आम न्यायप्रेमी किसान दाजुभाइ


## जनहितको लागि समर्पित सूचना

मिर्गौला जस्ता प्राणघातक रोगबाट बच्ननिम्न कुराहरूको पालना गरौं।

अरुलाई बचाऔं, आफू पनि बाचौं।

१. धुम्रपान, मध्यपान नगरौं।
२. फ्रिजमा राखिएको, साँधिएको खानेकुराहरू खाऔं।
३. शुद्ध, ताजा खानपिनमा ध्यान दिऔं
४. समयमा सुतौं, अनिदो नबसौं।

कृषि जर्नल मासिक

# २०४८ सालदेखि हरेक वर्ष किसान संघर्ष दिवस

**प्रेस विज्ञाप्ति :**
हाम्रो महान् तथा गौरवशाली संगठन अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) ले २०३४ साल असार ६ गते चितवनको जुगेडीमा सामन्तहरूका विरुद्ध किसानहरूले गरेको ऐतिहासिक र वीरतापूर्ण संघर्षको दिनलाई २०४८ सालदेखि हरेक वर्ष 'किसान संघर्ष दिवस'को रूपमा मनाउँदै आएको कुरा सबैलाई अवगत नै छ । २००७ साल फागुन १४ गते अखिल नेपाल किसान संघको स्थापना भएपश्चात आजसम्म गरिएका नेपाली किसानहरूका सम्पूर्ण न्यायपूर्ण र मुक्तिकामी किसान संघर्ष र विद्रोहरूको सम्मानस्वरूप विगत ३२ वर्षदेखि किसान संघर्ष दिवस मनाउँदै आएकोमा यसपटक पनि अखिल नेपाल किसान महासंघ ( क्रान्तिकारी केन्द्र) को केन्द्रीय कार्यालयको आयोजनामा काठमाडौंको अनामनगर स्थित संवाद डबलीमा नेकपा (माओवादी केन्द्र) का महासचिव तथा पूर्व स्थानीय विकास मन्त्री क. देव गुरुङको प्रमुख आतिथ्यतामा भव्यरूपले मनाइयो भने स्थानीय



विशिष्टताका आधारमा विभिन्न कार्यक्रमसहित देशभर मनाइयो । हामी किसान संघर्ष दिवसमा सहभागी सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै जुगेडी किसान संघर्षले देखाएको वर्गीय मुक्ति र क्रान्तिको बाटोलाई दृढतापूर्वक पच्छ्याइरहने प्रतिवद्धता व्यक्त गर्दछौं । साथै, हामी जुगेडी किसान संघर्षका महान सहिदहरूलाई स्मरण तथा उच्च सम्मान प्रकट गर्दै उहाँहरूले देखाएको संघर्षको बाटोलाई जस्तोसुकै कठिन परिस्थितिमा पनि जारी राख्ने र उहाँहरूले उठाएको क्रान्तिकारी किसान आन्दोलनको झण्डालाई झुक्न नदिने प्रण गर्दछौं ।
यही सन्दर्भमा हामी ऐतिहासिक तथा महान् जुगेडी किसान संघर्षको क्रममा घटनास्थलमा नै सहादत प्राप्त गर्नु भएका महान् सहिदहरू क. दशरथ चेपाङ र क. सन्तबहादुर प्रजाका साथै तत्कालीन राजावादी-पञ्चायती शासकहरूको आदेशमा गिरफ्तार गरी आततायी प्रशासनद्वारा हिरासतभित्र क्रुरतम् र अमानवीय यातना दिई हिरासतमै हत्या गरिनुभएका क. नन्दबहादुर प्रजा र क. भक्तबहादुर प्रजालाई राष्ट्रिय सहिद घोषणा गर्न र सम्मान प्रकट गर्न नेपाल सरकारसमक्ष जोड्दार माग गर्दछौं ।
हार्दिक क्रान्तिकारी अभिवादनसहित
.मितिः २०८०/०३/०७ गते
चित्रबहादुर श्रेष्ठ
अध्यक्ष

# दूग्ध विकास बोर्डमा छलफल

काठमाडौं श्रावण ५ राष्ट्रिय दुग्ध विकास बोर्डले सरोकारवालाहरुलाई बोलाई हाल दुग्ध क्षेत्रमा देखिएका विविध समस्याका विषयमा छलफल गऱ्यो ।
कार्यक्रममा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट सह(सचिव डा. रामनन्दन तिवारी, पशु सेवा विभागबाट श्याम सुन्दर यादव, दुग्ध विकास संस्थानका महाप्रबन्धक संजीव झा, नेपाल डेरी एसोसिएसनका अध्यक्ष प्रल्हाद दाहाल, डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहाल, केन्द्रीय दुग्ध सहकारी संघका कृष्ण प्रसाद सापकोटा, महासचिव राम आचार्य, डेरी साइन्स एसोसिएसनका उपाध्यक्ष शियाराम सिंह, केन्द्रीय पशुपंक्षी मत्स्य सहकारी संघका अध्यक्ष बाबुराम अधिकारी, नेपाल डेरी एसोसिएसन बागमती प्रदेशका अध्यक्ष टिकाप्रसाद घिमिरे, लुम्बिनी प्रदेश अध्यक्ष थानेश्वर न्यौपाने एवं राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक डा.राजेन्द्र यादव लगायतका उपस्थिति थिए ।
छलफलमा बोर्डका उपकार्यकारी निर्देशक डा.बालक चौधरीले कार्यपत्र प्रस्तुत गरि



वर्तमान समस्याका बारेमा सबैलाई जानकारी गराए । छिमेकी देश भारतबाट नेपालको सिमाबाट अवैध रुपमा दूध तथा दुग्ध पदार्थ आयात भएकाले समस्या माथि समस्या थपिएको कुरा देखियो । अहिले लम्की डिजिजको विषयमा राज्य गम्भीर हुनु पऱ्यो, दूधको उपभोग घटेको विषयमा राज्यले दुध सेवन गर्न आम जनतालाई सु(सूचित गर्नुपऱ्यो, धुलो दूध बनाएर राख्दा पूँजी फ्रिज हुने हुँदा सहज रुपमा राज्यले उद्योगलाई चालु उपलब्ध गराउन सक्ने हो भने समस्या समाधान गर्न सजिलो हुने छलफलमा उठेका थिए ।
हाल ४ लाख लिटर दूध बढी भएको तथ्याङ्क उद्योग र किसान दिएको तथ्याङ्कले देखाएको छ । बैठकमा राष्ट्रिय दुग्ध विकासको खारेजी गर्ने विषय सरकारको गलत कदम भएको ठहर गरेको थियो । अहिले यस्तो बेला बोर्ड खारेजीको चपेटामा परेपनि बोर्डले छलफल गरेको विषय अत्यन्तै राम्रो भएको र यसले थोरै भए पनि उद्योगी र किसानलाई मलमपट्टी पुगेको कुरामा सरोकारवाला सहभागीहरुले बोर्डलाई धन्यवाद दिएका थिए ।

# उत्पादनको बजारीकरण र उचित मूल्य प्राप्ति




काठमाडौं असार २८ राष्ट्रिय कृषक समूह महासंघले प्रेस विज्ञाप्ति प्रकाशित गरि कालीमाटी तरकारी बजारको समस्या समाधान गर्न आग्रह गरेको छ ।

**प्रेस विज्ञाप्ति :**

करिब दुई तिहाई जनसंख्याको जीविकोपार्जन खाद्य अधिकार र खाद्य सुरक्षासँग जोडिएको कृषिको लागि आवश्यक आधार भूत विषयहरु : मल, बिउविजन, औजार, सिँचाई, विमा, उत्पादनको मूल्य र बजारको उचित व्यवस्थापन हुन् ।

उत्पादनको बजारीकरण र उचित मूल्य प्राप्ति नेपाली किसानको लागि सँधै प्रमुख समस्याको रुपमा रहेकाले उत्पादन किसानको बजारमा सहज पहुँच आवश्यक छ ।

कृषि उपजको प्रमुख बजारको रुपमा रहेको कालीमाटी बालाजुको बजार व्यवस्थाको लागि २०६० सालमा कालीमाटी फलफूल तथा तरकारी बजार विकास तथा सञ्चालन नियमावली बनेको छ । सोही नियमावालीको आधारमा २०७६ सालमा बजारको स्टल वितरण तथा सञ्चालन सम्बन्धी कार्यविधि पनि विकास समतिले बनाएको छ । जसमा खुल्ला प्रतिस्पर्धाबाट बजारको स्टलहरु वितरण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

कार्यविधिको दफा ३ ले स्टलको वर्गीकरण गर्नुपर्ने उल्लेख गरेको छ । जस अन्तर्गत थोक कारोवारका लागि खुल्ला तर्फ ९१ प्रतिशत र सहकारी, संस्था तथा तथा कृषिका लागि ९ प्रतिशत स्टल भाडामा दिन २१ दिन म्याद राखेर सार्वजनिक सूचना जारी गर्नु पर्ने व्यवस्था छ । साथै थोक कारोवारका लागि खुल्ला तर्फ ९१ प्रतिशत र सहकारी संघ(संस्था कृषकका लागि ९ प्रतिशत स्टल भाडामा दिन २१ दिनको म्याद राखी सार्वजनिक सूचना जारी गर्नुपर्ने व्यवस्था गरेको छ ।

प्रतिस्पर्धाबाट किसान, कृषि सहकारी र कृषि व्यवासायलाई भाडामा लगाउनु पर्ने पसल सरकारले कानून अनुसार कानुन कुल्चेर विचौलिलालाई लाभ हुनेगरि तयारी नपुगेको भन्दै ६२२ वटा भाडाका पसल पुन पूरानै व्यवसायीहरुलाई नविकरण गर्ने निर्णय सरकारले गरेको समाचार अनलाइन खबरमा मिति २०८०४/३/२७ मा प्रकाशित लिंक आएकोमा महासंघको महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त निर्णय भएमा कृषि उत्पादनको बजार विस्थापित हुनुका साथै नव उत्पादक किसानहरु प्रतिस्पर्धाको अवसरबाट वञ्चित रहने त्यसको असर आम उपभोक्तासम्म पुग्ने भएकोले सरकारद्धारा गर्न लागिएको यस्तो कदम तत्काल रोकी, खल्ला प्रतिस्पर्धा मार्फत प्रक्रिया अगाडि बढाउन महासंघ सरकार समक्ष जोडदार माग गर्दछ ।

नवराज बस्नेत
अध्यक्ष
राष्ट्रिय कृषक समूह महासंघ

# उत्पादन र उत्पादकत्वलाई बृद्धि गर्न

२० औं धान दिवस, असार १५, २०८०
प्रेस विज्ञप्ती
पत्रकार मित्रहरू,

उत्पादन र उत्पादकत्वलाई बृद्धि गर्नका साथै सामाजिक उद्यमी किसानको मनोबल उच्च राखी किसानी पेशाको सम्मान गर्ने उद्धेश्यका साथ कृषि तथा सहकारी मन्त्रालयले धान दिवस मनाउन थालेको दुइ दशक भएको छ । यस बर्ष धान दिवस “जलवायु अनुकुलित कृषक मैत्री प्रविधि, धान उत्पादनमा बृद्धि” भन्ने नाराका साथ देशव्यापि रूपमा मनाइँदै छ । खानाको बन्दोवस्त गर्न मुख्य बालीहरू लगाउने मौसमको मध्यमा धान रोपाईसँगै दहि चिऊरा खाने किसानको संस्कृति रहँदै आएको छ ।

खेती भइरहेको जमिनको आधा क्षेत्रफलमा गरिने धानखेती नेपालको मुख्य खाद्यान्न बाली हो जसले नेपालको कुल ग्राहश्थ उत्पादनको ५.१६ प्रतिशत हिस्सा ओगटेको छ । विडम्वना तीन दशक अघिको तुलनामा हाल धानको खेती गर्ने जमिन, कुल ग्राहश्थ उत्पादन र कृषिमा धानको हिस्सा निरन्तर घटिरहेको छ । छ दशकको प्रयासमा नेपालमा धानको उत्पादकत्व ३.८१ मेट्रिक टन प्रति हेक्टर भन्दा बढ्न सकेको छैन । यसो हुनमा प्रविधि र बीउ सुधारको विस्तार, स्थानीय खोज, अनुसन्धान र प्रसारमा सरकार र सरोकारवालाको पर्याप्त ध्यान नपुग्नु नै मुख्य कारकहरू हुन ।

यो सँगै, जलवायु परिवर्तन, प्रकृतिको दोहन, पर्यावरणको ह्रास, जथाभावी रसायन र विषादीको प्रयोगबाट माटोको निर्जिविकरण जस्ता कारणले धान उत्पादनले गति लिन सकिरहेको छैन । तिव्रगतिमा भित्रिएका वैदेशीक वर्णशंखर बीउ, हराउँदै गइरहेका रैथाने बीउविजन, सुक्दै गइरहेका पानीका स्रोतहरूले धान खेती प्रणालीलाई झनै प्रतिकुलता तिर धकेलिरहेको छ । यि सबै कुराले धान उत्पादनमा ह्रास आउनुका साथै ठुलो खाद्यान्न संकट आउने जोखिम पनि बढेको छ । तसर्थ, नारामा भनिए जस्तै जलवायु अनुकुलनका प्रविधिको विकासका साथै धान उत्पादन र वितरणका सबै आयाममा सबैको ध्यान पुगोस भन्ने कामना गर्दछौं । यसका साथै खेतीपातीलाई खाना, जिविका र अर्थतन्त्रको मुल आधार बनाउने संकल्प सहित खानाका लागि खेतीपातीको रैथानेकरण गर्ने बहस तथा संवादको थालनी गर्न आवश्यक भएको जानकारी गराउँदछौं । अन्त्यमा, धान दिवसको अवसरमा मानो रोपी मुरी उब्जाउने किसान दिदीबहिनी, दाजुभाई र यस कार्यमा सघाउने सबैलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं ।

*उद्धव अधिकारी*
*संयोजक*
*खाद्यका लागि कृषि अभियान*

# लघुवित्त पीडितहरु समस्याको समाधान गर्न किसान संघ–संगठनहरुको आग्रह

*संयुक्त प्रेस विज्ञाप्ति :*

काठमाडौं साउन १ अखिल नेपाल किसान महासंघका अध्यक्ष चित्रबहादुर श्रेष्ठ, अखिल नेपाल किसान महासंघको अध्यक्ष बलराम बाँस्कोटा, अखिल नेपाल किसान महासंघ (अप्फा)का अध्यक्ष भैरवराज रेग्मी, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सीताराम तामाङ, अखिल नेपाल किसान यूनियनका इन्चार्ज लोकनारायण सुवेदी, अखिल नेपाल प्रगतिशील संघका अध्यक्ष दुर्गाप्रसाद जैसी लगायत वाम पक्षधर संगठनहरुले संयुक्त रुपमा प्रेस विज्ञाप्ति प्रकाशित गरि लघुवित्तको क्षेत्रमा देखिएको समस्याको समाधान गर्न आग्रह गर्नु भएको ।

विज्ञाप्तिमा भनिएको छ देशका ग्रामीण क्षेत्रका गरिव किसान, मजदुर तथा आम जनता र त्यसमा पनि विशेषत: महिलाहरूमाथि विगत ३० वर्षदेखि शोषण र सामाजिक तथा वर्गीय उत्पीडनसहित मीटरब्याजसँग तुलनायोग्य संस्थागत सुद्खोरीको धन्दा चलाउने देशभरका लघुवित्तीय संस्थाहरूका गैरकानुनी तथा अमानवीय हर्कतहरू, कोरोनाकालमा भएको सामाजिक-आर्थिक प्रभावका कारण किस्ता तिर्न नसक्ने ऋणीहरूमाथि भएको वित्तीय, सामाजिक, नैतिक तथा भौतिक आक्रमण तथा उत्पीडनको विरुद्धमा लघुवित्तीय संस्था पीडितहरूले विगत १७ महिनादेखि न्यायका लागि संघर्ष गरिरहेका छन् । नेपाल राष्ट्र बैंकले लघु वित्तीय संस्थाहरूको उचित नियमन गर्न नसक्नु, तिनका ज्यादतीलाई आँखा चिम्लेर बस्नु, मौद्रिक नीति गलत हुनु, सोही नीतिसमेत लागु गर्न नसक्नु र कोरोनाकालको समस्याबारे केपी ओली नेतृत्वको तत्कालीन सरकारले जनपक्षीय निर्णय लिन नसकेको कारण निम्तिएको यस समस्याबारे पीडितहरूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई भेटेर जानकारी गराएपछि सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीलाई तत्काल समस्या समाधानका लागि पहल लिन निर्देशन दिएको भए पनि नेपाल राष्ट्र बैंक र गभर्नरका तर्फबाट हालसम्म पनि समस्या समाधानका लागि कुनै पहल भएको छैन । यही क्रममा लघुवित्तीय संस्था विरुद्धको संघर्ष समिति, नेपालका अध्यक्ष मणिराम ज्ञवालीले २०८० असार २८ गतेदेखि माइतीघर मण्डलामा आमरण अनसन सुरु गरेको र संघर्ष समितिले विभिन्न शान्तिपूर्ण संघर्षका कार्यक्रमहरू अघिसारेकोमा सो न्यायपूर्ण संघर्षको पक्षमा हामी दृढतपूर्वक ऐक्यबद्धता जाहेर गर्दछौं र समस्या समाधानका लागि ६ कम्युनिस्ट पार्टी निकट संयुक्त किसान संघर्ष समिति, नेपालको तर्फबाट निम्न मागहरू अघिसार्दै अविलम्ब पूरा गराउन नेपाल सरकारसमक्ष जोडदार माग गर्दछौं ।



१. गरिब किसान, मजदुर र विशेषत: महिलाहरूमाथि गरिरहेको चरम शोषण र अमानवीय व्यवहारसहितको अत्याचार गर्ने लघुवित्तीय संस्थाहरूको विरुद्ध पीडित जनताले चलाएको संघर्षलाई तत्काल सम्बोधन गरियोस् । तत्काल एक वार्ता समिति गठन गरी समस्या समाधानका लागि ठोस पहल गरियोस् ।

२. राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै समाजवादको आधार तयार गर्ने गरी किसानमुखी तथा जनमुखी मौद्रिक नीति जारी गरी लागु गरियोस् । नेपाल राष्ट्र बैंकको विद्यमान नीतिसमेतको विपरीत हुनेगरी ऋण प्रवाह तथा अन्य कारोबार गर्ने लघुवित्तीय संस्थाहरू र तिनका सञ्चालकहरूलाई कालो सूचीमा राखी कडा कारबाही गरियोस् ।

३. एकै व्यक्ति २ भन्दा बढी लघुवित्तमा सदस्य बन्न र ऋण लिन नपाउने व्यवस्था गरी कडाइपूर्वक लागु गरियोस् ।

४. लघुवित्तहरूले ऋणीहरूलाई लगाउने ब्याज १ अंकमा झारियोस् । लघुवित्तहरूले चक्रीय ब्याज र हर्जानाको नाममा मासिक ३६ प्रतिशभन्दा बढी रकम असुल्ने तथा पटक पटक ब्याज र हर्जानालाई साँवामा गाभेर चलाइआएको संस्थागत मीटरब्याजको धन्दा अविलम्ब बन्द गरियोस् । यसरी हर्जाना असुल्ने लघुवित्तहरूलाई कडा कारबाही गरियोस् ।

५. लघुवित्तहरूले चक्रीय व्याज प्रणालीमा लिइरहेको कोरोनाकालदेखि हालसम्मको सम्पूर्ण ब्याज र हर्जाना बिनाशर्त तत्काल मिनाहा गरियोस् । बाँकी साँवा ऋण भुक्तानीका लागि ऋणीको माग र क्षमताअनुसार पर्याप्त समय अवधि दिई ऋणको पुर्नतालिकीकरण (नयाँ किस्ता जारी) गर्न लगाइयोस् ।

६. ऋण उठाउने नाममा गरिब ऋणीहरूको हस्ताक्षर जबरजस्ती गराई वा नक्कली हस्ताक्षर गरी ऋण नवीकरण गराउने, भौतिक तथा मानसिक यातना दिने, महिला हिंसा गर्ने, अपशव्द बोल्ने, घरमा तालाचाबी ठोकिदिने, गाइवस्तु आफूखुसी बेचिदिने र अमानवीय यातनाबाट पीडित भई घर-परिवार छोड्न वाध्य बनाउने र आत्महत्याका लागि दुरुत्साहन गर्ने सबै लघु वित्तीय संस्थाहरू, तिनका प्रतिनिधिहरू र मतियारहरूलाई अविलम्व गिरफ्तार गरी कडा कारबाही गरियोस् ।

७. यो समस्या सिर्जना गर्ने, समाधानका लागि कुनै पहल नगरी अटेरी गर्ने र मुलुकको अर्थतन्त्रलाई नै धरासायी बनाउन मुख्य भूमिका खेल्ने नेपाल राष्ट्र बैंकको नेतृत्वलाई

# खुल्यो भाजु तरकारी तथा फलफूल बजार

ललितपुर, साउन ११ महालक्ष्मी नगरपालिकाको वडा नम्बर(५, टिकाथलीस्थित बुद्ध पार्टी प्यालेस सँगै भाजु तरकारी तथा फलफूल बजारको नगरप्रमुख हरिगोविन्द श्रेष्ठको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सम्पन्न भएको छ ।

उद्घाटन कार्यक्रममा बोल्दै नगरप्रमृख हरिगोविन्द श्रेष्ठले नगरपालिकाले कृषि उत्पादन र उत्पादित कृषि उपजहरुको बजारीकरणलाई विगतदेखिनै प्राथमिकता दिदै आएको बताउँनु भयो । नगरपालिकाले गर्नुपर्ने काम व्यक्तिले गर्नु भएको छ, उहाँहरुलाई विशेष धन्यवाद दिन चाहान्छु श्रेष्ठले भन्नुभयो । गत आवमा नगरपालिकाले कृषिको लागि भनेर ६० लाख अनुदान दिएका थियौं । उत्पादित वस्तु बजारको समस्यालाई ध्यानमा राख्दै कृषकहरुलाई सहजीकरण गर्न यो अनुदान प्रदान गरिएको थियो ।

त्यसैगरि पशुस्वास्थ्य तर्फ १ करोड २० लाख अनुदान छुट्याएको छौं ।

नगरप्रमुख श्रेष्ठले जनताको स्वास्थ्यमा समस्या आउने भएकाले स्वास्थ रहन विषादीयुक्त खाने कुराहरुबाट टाढा रहनु पर्ने बताउँदै स्वास्थ खान खानुपर्ने बताउनु भयो । विषादीयुक्त खाद्य वस्तुहरु नल्याउन व्यवसायीहरुलाई अनुरोध गर्दै भन्नुभयो विषादीयुक्त तरकारी फलफूल माथि नगरपालिकाले निगरानी गर्दै उत्पादित खाद्य वस्तुहरुमा विषादीको मात्र बढी पाइएकोले जनताको स्वास्थ्य प्रति जिम्मेवार हुन समेत आग्रह गर्नु भयो । साथै श्रेष्ठले सुपरमार्केटहरुमा जनताले चाहे अनुसार सामान पाउने व्यवस्था भएकोले बढी सुपरमार्केट नै खोज्ने गरेको बताउँदै समय अनुसार कृषकहरुको बजार पनि सुविधा सम्पन्न बनाउँदै लानु पर्ने बताउनु भयो ।

सिँचाईको समस्या हलगर्न इनार खन्ने अनुदान दिएका छौं ।

श्रेष्ठले भन्नुभयो यहींको तरकारी बेचेर नपुग भएमात्र बाहिरबाट ल्याउनु । प्रचार प्रसारको खाँचो छ । १ सबै वडाहरुमा नगरपालिकाले यस्तै तरकारी बजारको खोजी गरिरहेको छ । चाँडै नै वडास्तरीय तरकारी तथा फलफूलजन्य खाद्य बजारको व्यवस्थापन गर्नेछौं त्यसका लागि महालक्ष्मी नगरपालिकाले गर्नु सहयोगमा कुनै कसर बाँकी नराख्ने बताउदै डिजीटल ढक तराजुमा ५० प्रतिशत अनुदान दिएका पनि बताउनु भयो ।

नगर उप-प्रमुख लक्ष्मी महर्जनले स्थानीय रुपमा उत्पादन भएको तरकारी तथा फुलफूलहरु बजारीकरण गर्नको लागि बाहिर जान नपर्ने गरि हामीले बजारकीरकरण आफ्नै ठाउँमा होस् भनेर प्राथमिकता दिएका छौं । १ देखि १० वडामा नगरपालिकाले कृषिको लागि ५० प्रतिशत अनुदान बीउ पूँजीको रुपमा छुट्याएका छौं । नीति, योजना कार्यक्रम बनाएर अगाडि बढाउँछौं । हामीले नमूना बजारको रुपमा विकास गर्दै यहीँ बजारहरुबाट सस्तो, सुलभ र सहज प्रकारले सेवा सुविधा जनताको घर-घरमा पुऱ्याईदिनु पनि आग्रह गर्दछौं । कार्यक्रमको अध्यक्ष ध्यानगोविन्द महर्जनले गर्नु भएको थियो ।

## साउन महिनाको कृषि कर्म :

-तराई र भित्री मधेशमा धान रोपाईमा निरन्तरता दिने

-मध्य तथा तल्लो पहाडी भेकमा मकै भाँचेपछि ६/७ दिन घाममा सुकाएर मात्र भण्डार गर्ने ।

-मध्य पहाडमा पाकेको मकै भाँचेर वा मकैसँगै कोदो रोप्न तथा बारीमा भटमास रोप्ने ।

बगैँचामा पानीको निकासको राम्रो प्रबन्ध गर्ने ।

-हरियो मल पल्टाउने कार्य गर्ने ।

-साउने जातको अलैँची टिप्ने ।

-सुन्तला जातको फलफूलमा पात खाने कीरा र पतेरो नियन्त्रण गर्न सिफारिस भएको विषादी छर्ने ।

सुन्तला बोटका हाँगा रोगले कुहिएको भए कुहिएको बोक्राहरू हटाई बोर्डो पेष्ट लगाउने ।

-आँप लिची लगायतका फलफूलहरूमा फल टिपीसके पछि राम्ररी पाकेको गोठेमल प्रति बोट १-२ डोको खाल्टो खनेर माटोमा मिसाउने ।

-असारको शुरुमा रोपिएको धानमा यस महिनाको अन्त्यतिर युरिया मल दिने ।

-बेंसी र खोंचमा ड्याङ्ग पारी अगौटे काउली लगाउने ।

-वर्षे फलफूल बगैंचामा गोडमेल र सरसफई गर्ने ।

-आँपको हाँगा सुकाउने गवारोले क्षति पुऱ्याई सकेको हाँगाहरु काँटछाँट गरि नष्ट गर्नुहोस् । फल टिपीसकेपछि इमिडाक्लो प्रिड १७.८ एस् एल. प्रति लिटर पानी मिसाएर प्रत्येक १५ दिनको अन्तरमा ४-५ पटक काण्ड तथा हाँगाहरु राम्ररी भिज्ने गरि छर्कनुहोस् । साता भरिनै पानी पर्ने सम्भावना भएकाले मकै, भटमास, फलफूल, तरकारी लगायतका बालीहरुमा पानी निकासको उचित व्यवस्था गर्नु होस् ।

-आँपको बँगैचामा रोग तथा कीरा लागेर झरेका दानाहरुबाट विभिन्न रोग तथा कीराहरु सर्ने सम्भावना हुने भएकाले झरेका दानाहरुलाई टिपेर नष्ट गर्नु होस् ।

-कागती तथा स्याउको जरा कुहिएको बोटाको वरिपरि १ प्रतिशतको बोर्डो मिश्रणको झोल बनाई ड्रेन्चिङ्ग गर्नुहोस् । तथा ट्राइकोडर्मा २ ग्राम प्रति लिटर पानीमा मिसाई स्प्रे गर्नुहोस् । र पानीको निकास गर्नुहोस् ।

## पशुपालन :

-हरियो घाँस बढी भएमा हे र साइलेज बनाएर राख्ने ।

-गाईभैंसीका पाडा-पाडी, बाच्छा-बाच्छीलाई जन्मेको ३-३ हप्ताको उमेरमा जुकाको औषधि खुवाउने ।

-वर्षातको समयमा गाई भैंसीमा देखा पर्ने भ्यागुते रोगको उपचारको लागि सल्फोनामाईड, टेट्रासाइक्लिन, जेनटामाइसिन , सिप्रोफ्लोक्सा सिन समूहका औषधीहरु प्रभावकारी हुने गर्दछ ।

-गाई भैंसीहरुमा देखापर्ने भ्यागुते रोगको उपचारका लागि सल्फोनामाइड, टेट्रासाईक्लिन, पेनिसिलिन, जेन्टामाइसिन, सिप्रोफ्लोक्सा सिन समूहका औषधीहरु प्रभावकारी छन् ।

-तराइको जिल्लाहरुमा रहु र नैनी माछाको ह्याचलिङ्ग तथा भूरा उपलब्ध हुने समय भएकाले नजिकको मत्स्या ह्याचरीहरुबाट भूराको वन्दोवस्त गर्नु होस् ।

# अधिकांश हामी कृषि पृष्ठभूमिबाट आएका छौं
# युवराज गुरुङ : अध्यक्ष मुना कृषि लि.

*विदेशमा रहेर नेपालीहरुले खेलिरहेको भूमिका, नेपालमा आएर कृषि गर्नुको उद्देश्य, नेपालको कृषिको सम्भावना र बजारीकरण, अन्तर्राष्ट्रिय बजारको सम्भावनका विषयमा वेल्जियम २२ वर्ष लामो बसोवाहस गरिसक्नु भएको गैर-आवासिय नेपाली संघ वेल्जियमको पूर्व अध्यक्ष तथा मुना कृषि लिमिटेडका अध्यक्ष **युवराज गुरुङ**सँग कृषि जर्नल मासिकको लागि **धनबहादुर मगर**ले गरेको कुराकानीको प्रस्तुत अंश*



यहाँ कुन-कुन देशमा जानु भएको थियो ?

म चाहीँ २२ वर्ष देखि वेल्जियममा बस्दै आएको थिएँ। गैर आवासीय नेपाली संघ वेल्जियममा पहिलो अध्यक्षको रुपमा काम गर्दै आएको थिए। गैरआवासीय संघमा लामो समय काम गर्ने क्रममा विभिन्न समिति उप(समितिहरु बने। त्यस समितिले नेपाललाई आफ्नो क्षेत्रबाट केही सहयोग गर्न सकिन्छ कि भनेर कुरा भयो। त्यसै क्रममा हाम्रा साथीहरुले कृषि समिति पनि बनाऔं भनेर गैर आवासीय नेपाली संघले कृषि समिति बनाएर त्यसको संयोजन गर्ने जिम्मेवारी मलाई दिए। हामीले उक्त समितिबाट विश्व भरिका साथीहरुसँग सम्पर्क गर्ने प्रस्तावहरु राख्ने काम भयो। नेपालमा आएपछि त्यतिखेर कृषि प्रवर्द्धन समिति अन्तर्गत नेपालमा आएर सन् २०१८ बाट संस्थागत रुपमा मुना कृषि लिमिटेडको स्थापनाको लागि पहल गऱ्यौं। र विधिगत रुपमा हामीले सन् २०२० देखि अर्थात २०७६ सालको अन्त्यतिर मुना कृषि लिमिटेड स्थापना गरेर काम शुरु गऱ्यौं

***अरु साथीहरु विदेशमा गएपछि उतै हराउँछन्। यहाँचाहीँ नेपाल आएर देशको लागि योगदान दिएर महत्वपूर्ण काम गर्नु भएको छ। ठूलो योगदान दिने क्षेत्र कृषिमा यहाँले हात हाल्नुभयो। यसको अवधारणा कसरी जन्म्यो बताईदिनुहोस् न ?***

नेपाल आएर केही गर्ने चाहना त्यो चाहीँ रहीनै रहन्छ। कोही चाँडै, कोही ढिलो गरि फर्कन्छ। म पनि ५/७ वर्षमा फर्कने सोँचले गएको थिएँ। म अलि ढिलो फर्के, अरु पनि फर्कने क्रममा छन्। फर्केकाहरूले केही न केही गरि राखेका छन्।

यहाँले भने जसरी विदेश जाने साथीहरु थोरै मात्र हराएका हुन सक्छन्। अधिकांशहरू हराएका छैनन् भन्ने कुरा उहाँहरु आफ्नो मातृभूमि, गाउँ(ठाउँ आफ्नो देश प्रति कहिन केही लगाव भईरहेका हुन्छन्। त्यहाँको परिस्थिति रहन सहन जे भएपनि लामो समय त्यहाँ बसे पनि उहाँहरु नेपाल फर्केर केही गर्नु पर्छ भन्ने धेरैको भावना हुन्छन्।

***लगानी गर्ने अरु क्षेत्र हुँदा-हुँदै कृषिमै लाग्नु भएको छ ? खास यस के विशेषता पाउनु भयो ?***

हो वास्तवमा बाहिर हामी जहाँ-जहाँ पुगे पनि जसोतसो अवसर पाए पनि जतिसुकै प्रगति हाँसिल गरे पनि अधिकांश हामी कृषि पृष्ठभूमिबाट आएका छौं। कृषि कर्म त्यस्तो अवस्थामा आईपुगे पनि समृद्धि सफलता हासिल गरेपनि हामीले आफ्नो गाउँघरमा आफ्नो कृषि व्यवसाय, छिमेकी र आफ्नो क्षेत्रको बारेमा कुनै न कुनै ढंगले व्यक्तिगत रुपमा त्यो कुरो घोच्यो र जो-जो साथीहरु अन्तरक्रिया भयो। सहमती भएपछि हामीले ढिलै भएपनि शुरु गऱ्यौं। नेपालको कृषि क्षेत्र पछाडि परेको छ। त्यसमा लाग्नु पर्छ। हामीले विश्वमा जहाँ कृषिको विकास भएको छ, त्यहाँ समृद्धि भएको पाइन्छ। कृषि अभ्यासहरू अत्यन्त वैज्ञानिक छ। त्यो चाहीँ वातावरण मैत्री र दिगो छ। त्यसलाई ठूलो भोलुममा यान्त्रीकरण गरेर लान मात्र नसकेको हो। त्यो भनेको किसानले मात्र होइन राज्यको समेत क्षमता हुनुपर्छ। जहाँ कृषिको विकास भएको छ त्यहाँ समृद्धि भएको अवस्था छ। नेपालमा गएर प्रयास गर्नु पर्छ भनेर कतव्यवोधबाट निर्देशित भएर शुरुवात गरेका हौं।

***यहाँले देश विदेशको कुरा धेरै अनुभव गर्नु भएको छ। नेपालको कृषि र विदेशमा भएका कृषिमा कतिको भिन्नता पाउनु भएको छ ? विदेशमा गरिने कृषिको तौर तरिका र नेपालको कृषि गर्ने तौर तरिका कत्तिको भिन्नता पाउनु भएको छ ?***

धेरै फरक छ, तर, त्यस्तो अवस्थामा होइन की हाम्रो कृषि कर्महरु अवैज्ञानिक छन्, काम लाग्दो छैन भन्ने खोजिएको होइन। त्यसलाई अलिकति प्राविधिक रुपले यान्त्रीकरणको रुपमा समय सापेक्ष अहिलेको वैज्ञानिक ढंगले अलिकति खोज अनुसन्धान गरेर हाम्रो पुरातन तरिकाले गरिरहेको कृषि कर्मलाई अलिकति व्यवस्थापन गरि त्यसको व्यवसायीकरण गर्नको लागि एउटा व्यक्तिगत, संस्थागत रुपमा राज्यको तहबाट त्यस किसिमका नीति निर्माण, त्यस किसिमका वातावरण सिर्जना गर्ने कमी भएको कारण नेपालको कृषि क्षेत्र र विकसित मुलुकहरुको कृषि क्षेत्र धेरैनै भिन्नता देखिएको हो। त्यो होइन की, एकदमै हामी कृषिमा पछाडि परेका छौं भन्न मिल्दैन।

***यहाँहरूले मुना कृषि लिमिटेड मार्फत देशैभरि आफ्नो सञ्जाल विस्तार गरेर आफ्नो अभियानलाई अगाडि बढाइरहनु भएको छ। नेपालमा पनि दुई प्रकारको कृषि गरिराखेको अवस्था छ। एउटा प्राङ्गारिका तरिकाले अर्को रासायनिक मल र विषादी प्रयोग गरेर गरिरहेको अवस्था छ। यहाँहरुको चाहीँ कुन ढंगको गरिरहनु भएको छ ?***

मुना कृषि लिमिटेड एउटा सानो कम्पनी हो। निजी क्षेत्रबाट गरेको सानो कम्पनी हो। यसको प्रयास र उद्देश्य ठूलो छ। यसले नेपालको स्थान विशेष रैथाने कृषि उपजहरुलाई संकलन गर्छौं। हामीले संकलन गर्ने वस्तुहरु जुन स्थानीय विशेषका छन्। पहिचान दिएर बजारीकरण गरिरहेका छौं। त्यसलाई भ्यालु एड गरेर आफ्नै आउट लेटबाट बिक्री वितरण गरेका छौं। सँग-सँगै विदेशमा निर्यात गर्न शुरुवात गरेका छौं। त्यसो गर्दा स्थानीय उत्पादित बालीहरुको संरक्षण प्रवर्द्धनमा निजी क्षेत्रले गर्ने सानो प्रयास हो। र हामीले गरिएका न्यायपूर्ण बजार मूना कृषि लिमिटेडबाट सञ्चालित

नमूना बजार भईदिएको छ। त्यसलाई ६ वटा आउटलेटबाट र अनलाइन सेवाबाट ६ वटै मोडेलको रुपमा विस्तृत गर्न सकिन्छ कि भनेर प्रयासहरु गरेका छौं। यद्यपी एकदमै गाह्रो छ। संघर्ष गरिरहेका छौं। हामी तैपनि यसको भविष्य चाहीँ एकदमै राम्रो छ।

***यहाँले महत्वपूर्ण कुराहरु बताईसक्नु भएको छ। नेपालको सन्दर्भमा यहाँहरुले गरेको जस्तो कृषि आफ्नै तरिकाले आदिवासी अर्थात स्थानीय बिउविजन प्राथमिकता दिने भनेर उद्घोष गर्नु भएको छ। त्यो उत्पादन गरिएको वस्तुहरुले बजार बजारको सम्भावना कस्तो पाउनु भएको छ। यहाँले विदेशमा पनि निर्यात गर्न क्रम जारी छ भन्नु भयो। विदेशमा निर्यात गर्न सक्ने सम्भावना चाहीँ कस्तो हुनुपर्छ ?***

वास्तवमा कृषि भन्नासाथ यसको पूरक वृत्तमा काम गर्न सकियो भने मात्र दिगो रुपमा स्थापित हुन सक्छौं भन्ने कोणबाट संकलन, प्रशोधन, बजारीकरण गरेका छौं। उत्पादन गर्ने जिम्मा किसानलाई दिएका छौं। किसानहरुले स्वास्थ ढंगले जैविक र पुरातन मोडल अलिकति परिवर्तन व्यवस्थापन गरेर राम्रो सँग प्याकेजिक, ग्रेडिङ्ग गरेर मूल्य श्रृँखला अन्तगर्त बजारसम्म पुर्याई बजारीकरण गर्ने कामहरु गरेका छौं। बजारीकरण कृषि क्षेत्रको लागि सबैभन्दा मुख्य चुनौतीको पाटो हो। त्यो कुरा हामीले निजी क्षेत्रको कम्पनीको नाताले स्थानीय, प्रदेश र संघीय सरकार लगायत सरोकारवाला गैरसरकारी संघ सरोकारवाला गैरसरकारी संघ-संस्थासँग सबैसँग सम्बन्ध सुधार गर्दै लगेका छौं। बजारको भयावह स्थिति छ। कृषि उद्यमीहरुमा नैराश्यताको अवस्था छ। बजारलाई व्यवस्थित नगरिएको कारण यस्तो भएको हो।

***यहाँ धेरै समय विदेश बसिसक्नु भएको छ। कृषिमा देश विदेशको अनुभव यहाँलाई छ। नेपालको सरकारको अनुदानको कुरा आईरहेको छ। अनुदान वास्तविक किसानहरुकहाँ पुगेन भनिरहेको अवस्था छ। तपाईहरुले गरेको कृषिमा अनुदान भएन भने, सरकारले सहयोग गरेन भने, उत्पादन गरेर बजारीकरण गर्न सक्षम भएन भने, उत्पादन गरेर बजारीकरणमा सक्षम हुन्छन् अथवा सहयोग आवश्यकता पर्छ जस्तो लाग्छ ?***

अनुदान सरकारको सहयोग विषयमा उद्यमीहरुको विषयमा मुना कृषि लिमिटेडले एउटा फरक खालको अभ्यास गरिरहेका छौं। थाहाछैन हामी सफल हुन्छ हुँदैन भनेर, हामीले त्यो कुरा सार्वजनिक ठाउँमा पनि गरिरहेका छौं। अनुदानलाई राज्यले प्रभावकारी ढंगले कार्यन्वयन गर्नका लागि समय समयमा मोडलहरु परिवर्तन भईरहेको पाउँदछौं। तर, अधिकांश अनुदानको कुराहरु चाहीँ बजारलाई केन्द्रविन्दु नबनाइकन बनाइएको कुनै पनि कार्यक्रम प्रभावकारी चाहीँ हुँदैन भन्ने हाम्रो बुझाई हो। त्यसको तमाम समस्या केहो भने हामीले चाहीँ मुना बजारले बजारीकरणको कामहरु गरिरहेका छौं। मुना बजारलाई अनुदानको आवश्कता पर्दैन। किसानहरूबाट गुणस्तरीय सामन उत्पादन गर्नु हुन्छ। तर बजारसम्म आईपुग्दा त्यसको गुण, रुपरंग सबै नष्ट भई सकेको हुन्छ। जतिसुकै किसानहरुले राम्रो उत्पादन गरेपनि त्यसलाई अन्तिम उपभोक्तासम्म पुर्याउनको लागि बजार बीच पुर्याउनका लागि त्यसलाई आधार मानेर अनुदानको कार्यक्रम बनाइयो भने राम्रो हुन्छ।

हामीले ६३ जिल्लाका सामानहरु संकलन गरिरहेका छौं। अधिकांश सामानहरु बाहिरबाट आउँछ। दुखका साथ भन्नु पर्ने हुन्छ। टाढा(टाढाको कृषि उपजहरु मुना बजारले आफै ल्याउन सकिरहेको छैन त्यस प्रकारको नीति बनाउनका लागि हाम्रो आग्रह हो।

***सञ्जाल निर्माण कसरी गर्न सकिएला ? हामी भौगौलिक रुपमा दुर दराजका छौं। अझै हाम्रो बजारमा सहज ढंगले ल्याउन नसकेको अवस्था छ। शहरको पूँजी गाउँसम्म राम्रो ढंगले पुर्याउने नसकेको अवस्था छ। कसरी निर्माण गर्न सक्छौं होला ?***

नेपाल जस्तो खुला उद्धार अर्थनीति अंगालिएको मुलुकमा कृषि क्षेत्रमा मात्र होइन जुनसुकै क्षेत्रमा पनि निजी क्षेत्रलाई संलग्न गराइयो भने अभ्यास हुन्छ। गाउँसम्म जोडिएको कुरा हुन्छ, बजारलाई फरक कोणबाट विश्लेषण गरिनु पर्छ। सामान ल्याएर नाफा खानेलाई मात्र बजार भनिदैन। बजारको न्यूनतम् अनुशासनहरु पालना गरेर कुनै पनि वस्तुमा कति प्रतिशत नाफा खाएको छ कि, छैन कुनै ठगी भएको छ कि छैन। त्यसमा गाहकहरुलाई सूचना राम्रोसँग दिएको छ कि छैन। जहाँबाट उत्पादन भएको छ त्यहाँको पहिचान खुलाएको छ कि छैन। त्यस खालको सबै अभ्यास गरिरहेको हाम्रो जस्तो सानो कम्पनीले त्यसलाई आधार बनाएर व्यवस्थित गर्नु पर्छ भन्ने खालको हामो प्रेसर छ।

निजी क्षेत्रले न्यायपूर्ण बजारको जहाँ अभ्यास गरिएको छ। निजी क्षेत्रका हामी जस्तो अन्य संघ(संस्थाहरु समेतेर कृषकको उत्पादनलाई हामीले अन्तिम उपयोक्तासम्म पुर्याएर कसरी सन्तुष्त दिलाउने भन्ने खालको कम्प्लिट प्याकेजको काम गर्न हामीले आफ्नो अनुवभवहरु शेयर गर्न तयार छौं।

कृषि क्षेत्रमा यति धेरै सरकारी तथा गैरसरकारी संघ(संस्थाहरु छन्। पूरै लाग्दा पनि प्रभावकारी भईराखेको छैनन भन्ने कुरामा विश्लेषण गरियो भने निष्कर्षमा आउन सक्छौं भन्ने लाग्छ।

***स्थानीय, प्रदेश र संघीय सरकारले राम्रै गरि विनियोजन गर्छौं भनिरहेको अवस्थामा यहाँले बजेटलाई कुनै हिसाब लिएको छ ?***

जहाँ उत्पादन छ उत्पादकहरुलाई उहाँहरुलाई अभिमुखीकरण इन्पुटहरु दिएर हुन्छ कि व्यवसायिकरण तालिम दिएर हुन्छ सेफ फुडको लागि अहिले उत्पादनको नाममा जथाभावी विषादिहरु प्रयोग गरेका छन्। त्यसमा सबभन्दा पहिला त्यही किसानहरु आफै विषादिको शिकार भइरहेका छन्। क्यान्सरको महामारीबाट ग्रसित हुने जुन प्रकारको लहर आईरहेको छ। नेपालको कृषिमा एक प्रकारको समस्या छ। यहाँले थाहा पाइसक्नु भएको छ। जुन किसिमको लहर आइरहेको छ यि कुराहरुलाई पनि सचेतना गराउँदै राज्यले नीतिहरु बनाउन सकियो भने जहिले पनि हाम्रो प्रयासहरु सफल हुने छ।

***हामीलाई थाहा छ दुई महिना मात्र पानी पर्छ ८/१० महिना पानी पर्दैन। सिँचाईको समस्या छ सिँचाईको व्यवस्थापन हुन नसक्दा नेपालको कृषि भने जसरी अगाडि बढ्न नसकेको अवस्था छ। सरकारले भन्छन्। हामीले सिँचाई पुर्याएका छौं। तर, किसानले भन्छन् हामीकहाँ सिँचाईंनै छैन। हामी कृषि कसरी गर्ने भन्ने ग्यापलाई कसरी हेरिरहनु भएको छ ?***

हाम्रो जस्तो प्राकृतिक स्रोत साधन भरिएको भौगौलिक विविधताको धनी देश, भूगोललाई मात्र सदुपयोग गर्न सक्यौं भने प्रयाप्त पुग्छ। यति उब्जाउ र अभाव ठाउँहरुमा कृषिले प्रगति गरिहेको छ। सबै कुरा राज्यलाई मात्र भनेर हुँदैन। सीमित स्रोत साधनहरु छन्। अब किसानले पनि वैकल्पिक सोँच राख्नु

पर्छ। पानी नहुने ठाउँमा हुने बालीहरु लगाउन सकिन्छ। अहिले हामी जुनेलोलाई प्रवर्द्धन गरिरहेका छौं। घैया धानलाई प्रवर्द्धन गरिरहेका छौं। राज्यले पनि के सिकाउनु पऱ्यो भने किसानलाई बजारमा त्यो माध्यम छ। यसको राष्ट्रिय अन्तर्राष्ट्रिय बजार छ भनेर विकल्प देखाई दियो भने सिँचाईनै पर्खिराख्नु पर्दैना। मुल र बिउलाईनै पर्खि राख्नु पर्ने विकल्प दिनु सक्नुपर्छ। त्यो कोणबाट छलफल गरियो भने हरेक किसान, उद्यमी, सरकार र निजीक्षेत्रले आ-आफ्नो जोहो गर्नसक्छ, बाँकी रह्यो। बजारीकरण गर्ने। अन्तर्राष्ट्रिय बजारस्तरमा नेपाल सरकारका राजदुतवासहरु छन्। उनीहरूले आफ्ना कुटनैतिक नियोगहरू मार्फत आफ्नो देशको महत्वपूर्ण बालीहरु जडिबुटीजन्य बाली उपयोगमा ल्याउनको लागि प्रयास गर्नु पर्छ। दुतावास मार्फत नेपालमा ठूलो सामान विश्व बजारमा मूल्य राख्ने चिजहरु अलैंची, चिनो, कागुनो। यार्सागुम्वा ति देशहरुमा प्रचार प्रसार गरिनु पऱ्यो। लुम्बिनी सगरमाथाको मात्र कुरा गर्ने होइन। सँग-सँगै उच्च मूल्यका कृषि उपज मूल्य श्रृंखला भएका वस्तुलाई बजारीकरण गर्न सकियो भने अन्तर्राष्ट्रिय ठूला-ठूला व्यवसायीहरू कहाँ पुऱ्याउन सकियो भने सम्भावना जतासुकै छ।

***नेपालको कृषि खस्किरहेको अवस्था छ भनेर विश्लेषण गरेको अवस्था छ। पछिल्लो समयमा अत्यधिक मात्रामा खाद्य वस्तु आयत गरिएको अवस्था छ। जस्तौ चामल, भटमास, मकै जस्ता खाद्यान्नहरु आयत गरेका छौं। हिजो अभाव नहुने आज अभाव हुने अवस्थाको सिर्जना कसरी भयो होला ?***

म तथ्याङ्कगत विश्लेषण गर्ने अवस्थामा छैन। हाम्रो खाना खाने बानी छ। बानीमा परिवर्तन गर्नका लागि राज्यले पनि एउटा नीति ल्याउनु पर्छ। एकहप्ता ढिडो, एकहप्ता चामल खाने, एकहप्ता अरु नै खाने यस्तो वहस किन हुँदैन। जो विदेशमा हुन्छ। पाठ्यक्रममा हुन्छ जीवनलाई सन्तुलित बनाउनको लागि हाम्रो स्थानीय उपजहरु छन्। घर वरिपरि पाइने आफनै गाउँघरमा पाइने चिजहरु क्रमवद्ध रुपमा बानी बसालेर खायौं भने शरीरमा चाहिने आवश्यक पोषणतत्व पनि पुग्छ। स्थानीय वस्तुले बजार पनि पाउँछ। र त्यसले आयतित वस्तुमा निर्भर भईराख्नु पर्ने वाध्यमा पर्ने अवस्थाबाट हट्न सक्छौं।

त्यो खालको वहस अभ्यास गरियो भने त्यही खालको नीति निर्माण गरियो भने सरकारी गैर-सरकारी निजी क्षेत्रले पनि यहीँ कोणबाट छलफल र वहस गरियो भने सँधै यहाँबाट मोटो चामल पठाउने अनि लाम्चो बनाएर पठाएर त्यसमा मिठो वासना छरेको खाने कुरा खाएर यो त्यो भो भनेर विरोध मात्र गरेर पनि राम्रो हो जस्तो मलाई लाग्दैन।

***नेपाल अझै पनि कृषि प्रधान देश हो। पढाइयो कृषि प्रधान देशलाई माथि उठाउने र देशलाई समृद्ध बनाउन के-के गर्नुपर्छ ?***

हामीले कषि पढ्नु चाहेन पढाइन। कृषि प्रधान देशै बनाउनका लागि हामी अर्को थप अभ्यास गर्नुपर्ने हुन्छ। कृषि प्रधान देशभए पछि यहाँको पर्यटन पनि कृषिसँग जोडिएको हुनुपर्छ। कुनै एउटा पयर्टक कुनै ठाउँमा गयो भने उनले काठमाडौंबाटै ड्राइफुडहरू प्याक गरेर लैजानु पर्ने हुन्छ। स्थानीय खाना खान पाउँदैन। कृषिलाई चाहे पर्यटनमा होस्, चाहे आर्थिकमा होस्, चाहे सामाजिक होस् कुनै पनि क्षेत्रमा कृषिसँग जोडिएको कुराहरु भयो भने त्यो चाहीँ कृषि प्रधान देश हुनसक्छ। हाम्रो जुनेलो, फापर, कागुनो त्यसलाई हामीले प्रवर्द्धन गर्दैनौं। अहिलेको अलिकति चेतना आएको छ। फुड हयावित अलिकति परिवर्तन भएको छ। कुन कुरालाई स्थापित गर्ने र विस्थापित गर्ने भन्ने खालको कोर्षको विकास गर्नु पर्ने हुन्छ।

त्यसका लागि निजी क्षेत्र अभियन्ताहरु लाग्नु पर्छ। नयाँ गरियो भने कृषि उद्यमशीलता मार्फत कृषि प्रधान देशको रुपमा वैकल्पिक रुप दिन सकिन्छ। अहिलेको हाम्रा नानीहरुले बाहिरबाट ल्याइएका अखाद्य खानेकुरा खान्छन्। हाम्रा स्वास्थ चिजहरु खान मान्दैनन्। कोदोको रोटी खान मान्दैनन्। कोदोको रोटीलाई राम्रो खालको कुकीजहरु बनाउने प्रयासै गरेनन्। कोदोको खेती गर्न राज्यले लगानी गर्नु पऱ्यो नि ! मकै, जुनेलो, कागुनोको विभिन्न परिकार बनाउने विस्कुट बनाउनको लागि जोड दियो भने खाद्य सुरक्षाको कुरा छ फड्को मार्न सक्छ।

हामीले मुना बजार भनेर राखेका छौं। सबै हामीले स्थानीय उत्पादनहरुबाट बजार सञ्चालन गर्न सक्छौं भनेर सञ्चालन गरेका छौं। त्यसमा झण्डै सयभन्दा बढी खाने कुराहरु परम्परागत रुपमा बनाइएका २०० प्रकारका परिकारहरु मुना बजारमा राखेका छौं। यसरी पनि हाम्रो देशको उत्पादनहरु पनि बढाउन सक्छौं। हामीले उत्पादनसँग जोडिएका कतिपय उत्पादनहरु समुदायसँग जोडिएका छौं। समुदायको पहिचानसँग जोडिएका छन्। समुदायको सास्कृतिसँग जोडिएका हुन। किराँत सभ्यातासँग जोडिएका छन्। हरेक जीचहरु भूगोल समुदायसँग कुनै न कुनै हिसाबमा समुदायसँग जोडिएका छन्। त्यसकारण आफ्नो स्थानीय लोप हुन लागेको उपजहरुमा खानेबानी बसालौं र रैथानी बालीहरुलाई प्रयोग र संरक्षण गरि प्रचार प्रसार गरिदियौं भने भावनात्मक रुपमा आफनो नानीहरुलाई सिकाउनु भयो भने हामी जुन ठाउँमा बसिरहेका छौं रमाइलो गर्न सक्छौं।

---

**लम्की स्किन** ......नै नभएका प्रवेशद्धारमा आन्तरिक पशु क्वारेन्टाइन चेकपोष्टहरुहरुको स्थापना गर्ने।

लम्की स्किन लगायतका महामारी पशु रोगहरुको समयमै उपचार, रोकथाम नियन्त्रण गरि किसानको पशुधनलाई संरक्षण एवं प्रवर्द्धन गरि स्वास्थ समाज र सवल अर्थतन्त्रमा टेवा

स्वा पुऱ्याउन देहायको मध्यकालीन तथा दीर्घकालीन व्यवस्था गर्ने।

१. प्रत्येक स्थानीय तहमा प्राथमिक प्रयोगशाला
सेवा सहितको भेटरीनरी अस्पताल स्थापना गर्ने।

२. सबै स्थानीय तहमा पशु चिकित्सक र वडा स्तरमा पशु स्वास्थ्य प्राविधिकहरुको अविलम्व व्यवस्था गर्ने।

३. जिल्ला स्थिति भेटरीनरी अस्पताललाई आधारभूत प्रयोगशाला सहितको विशेषाज्ञ भेटरीनरी सेवा प्रदान गर्नसक्ने गरि स्तरोन्नती गर्ने।

४. पशु रोगको सर्भिलेन्स तथा रिपोटिङ्गलाई प्रभावकारी बनाउन प्रत्येक प्रदेशमा केन्द्रीय प्रयोगशालाको मातहत रहने गरि रिफरल प्रयोगशालाको रुपमा संघीय प्रयोगशालाहरुको स्तरोन्नती गर्ने।

५. प्रत्येक प्रदेशमा औषधी तथा खोप भण्डारण केन्द्र र प्रत्येक जिल्लामा खोप बैंकको स्थापना गर्ने।

६. सरकारी छात्रवृत्तिमा पढेका पशु चिकित्सकहरुलाई कम्तिमा २ वर्ष दुर्गम जिल्लामा गएर कामगर्ने व्यवस्था गर्ने।

आदि सुझावहरु दिइएको छ।

कृषिसँग सम्बन्धित देशका सम्पूर्ण सरकारी तथा गैर-सरकारी किसान संघ(संगठन, नेपाल डेरि एशोसिएसन, पशुसेवा विभाग, नेपाल पशु चिकित्सा परिषद् लगायत पशु सेवा सम्बन्धित संघ-संस्थाहरूबाट यसको नियन्त्रण रोकथामको लागि आव्हान गरेको छ।

# भूमिसम्बन्धी सबै काम क्रमवद्ध हुन्छ :मन्त्री चौधरी



१२ असार, काठमाडौं । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री रञ्जिता श्रेष्ठ चौधरीले मुलुकभरका सुकुम्वासीहरुको व्यवस्थापनको काम क्रमवद्धरुपमा भइरहेको बताउनुभएको छ । मंगलबार प्रतिनिधि सभाको बैठकमा विनियोजन विधेयक २०८० अन्तर्गत सांसदले उठाएका प्रश्नहरूको जवाफ दिँदै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले भूमिहिन दलित, सुकुम्वासी, अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्न राष्ट्रिय भूमि आयोगबाट कार्य भैरहेको जानकारी दिँदै कमैया, कमलरी लगायतका विषयको सम्वोधनका लागि कार्यविधि तयार गरी स्थानीय तहमार्फत कार्य अगाडी बढाइने बताउनुभयो । यस कार्यकालाई सबै प्रदेश सरकारसँग समेत समन्वयको कार्य बढाउने कार्यक्रम रहेको उहाँको भनाई छ ।

यस्तै मन्त्री चौधरीले सांसद बलराम भण्डारीले सरकारले जग्गा किनवेचमा किन रोक लगाएको भनि गरेको प्रश्नमा सरकारले जग्गा किनबेचमा रोक नलगाएको प्रष्ट पार्नुभएको छ । उहाँले भूमिको दिगो विकास र उपयुक्त व्यवस्थापनका लागि भू-उपयोग नियमावली जारी भएको र त्यसको संसोधनको तयारी भैरहेको समेत जानकारी दिनुभयो ।

बैठकमा सांसदहरुले सहकारीमा देखिएको विकृति र यसको समाधानमा सरकारका ठोस योजना ल्याएर कार्यान्वयन गर्न नसकेको भन्दै समस्या समाधान कहिले हुन्छ भनि समेत प्रश्न गरेका थिए । जवाफमा भूमि मन्त्री चौधरीले सहकारी विभाग मार्फत कार्ययोजना तयार गरि आफ्नो कार्य क्षेत्रभित्र पर्ने सहकारीहरुको अनुगमन र निरिक्षण गर्ने कार्य भइरहेकोकाले समाधानको प्रयास भइरहेको जानकारी दिनुभयो ।

उहाँले सबै सहकारीहरुलाई अनुगमन तथा निरिक्षण भैरहेको समेत प्रष्ट पार्नुभयो । समस्याग्रस्त सहकारीको उचित व्यवस्थापनका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय गठन भै कार्य भैरहेको समेत उहाँले जानकारी दिनुभयो । उहाँले राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा सहकारी समस्या समाधान कार्यदल गठन भएको र उक्त कार्यदलको प्रतिवेदन प्राप्त भएपछि कार्यदलको सुझाव बमोजिम थप कार्यहरु गर्ने प्रष्ट पार्नुभयो ।

सांसदहरुले मुलुकको सीमा क्षेत्र र सीमाङनकसम्बन्धमा उठाएका प्रश्नको जवाफमा भूमि मन्त्री श्रेष्ठले परराष्ट्र

# सरकार र बीमा क्षेत्रको जुहारीले

काठमाडौं असार २९ राष्ट्रिय किसान सञ्जालको आयोजनामा विजुली बजारस्थित कार्निभलमा वकिटमा पत्रकार सम्मेलनको संघर्षको कार्यक्रम सार्वजनिक गरेको छ । देशमा विद्यमान कृषि क्षेत्रमा देखिएको समस्या र समाधन गर्न सरकारले नसकेको बताउँदै सञ्जालले संघर्षको तयारी गर्न लागेको



बताइएको हो ।

पत्रकार सम्मेलनमा राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेमप्रसाद दंगालले सरकार र बीमा कम्पनीहरुको कारण कृषि क्षेत्रको बीमा कार्यक्रम सोचे जसरी अगाडि बढ्न नसकेको बताए ।

साथै, उनले बीमा कम्पनीलाई जिम्मेवार भएर गाउँ-गाउँमा गएर किसानको सेवा गर्न आग्रह गरे । पशुपालनमा लम्पी स्कीन रोगको कारण बेहोर्नु परेको क्षति, कालीमाटी तरकारी बजारको विषयमा एकहप्तादिनको समय माग गरेको बताउँदै त्यस अवधिमा आफ्ना मागहरु पूरा नभए संघर्षमा जाने बताए ।

त्यसैगरि राष्ट्रिय किसान सञ्जालका अध्यक्ष गणेशचन्द्र तिमिल्सिनाले सञ्जाल किसानको लागि संघर्ष गर्न कति पनि पछि नपर्ने भन्दै आन्दोलनको तयारी गरिरहेका बताएका छन् । साथै उनले कालीमाटी फलफूल तथा तरकारी विकास समितिले प्रतिस्पर्धाको आधारमा स्टलहरु उपलब्ध गराउन र किसानहरुका लागि छुट्याएको ९ प्रतिशत स्टलहरु किसानहरुले नै उपभोग गर्न पाउने बातावरण बनाउन आग्रह गरे ।

त्यसैगरि राष्ट्रिय किसान सञ्जालका सचिव नवराज बस्नेतले वास्तविक किसानहरुलाई सम्बन्धित निकायले बुझ्न नसकेको बताउँदै संघर्षको विकल्प नरहेको बताए । सञ्जालकै सदस्य सफल सुब्बाले वितरित प्रेस विज्ञाप्ति

# जीवजगतको उत्पति र विकास नहुँदो हो त पृथ्वीतल सुनसान उराठ उदास लाग्दो हुनेथियो

*वर्षौंदेखि कुहिएर पचेको वन्यजीवका गोबर मलमुत्र जुतो, बर्कौला विष्ठा, लिदी, थाप्रा थुप्रिएका मिसिएका मलिलो भुरभुराउँदो माटोमा तरुण वेर्ना, बोट(बिरुवा उम्रिएको हलक्क बढेको मौलिएर आएको देखेपछि ती खान योग्य वनस्पतिका बीउ माटोमा रोपेर खेती गर्न सकिने रहेछ भनेर जाने बुझे र खेती गर्न शुरु गरे ।*



**धनबहादुर मगर**

हावा, अनन्त आकाश र असंख्य ग्रह क्षेत्र तारा पुन्जको मात्र सिर्जना हुँदो हो र यो पृथ्वीतलमा वनस्पति जगत तथा मानव जातिलगायत जीवजगतको उत्पति र विकास नहुँदो हो त निश्चय पनि यी पृथ्वीतल सूनसान उराठ उदास लाग्दो हुनेथियो । यत्रो बह्मम्‍माण्डको सृष्टिको कुनै अर्थ हुँदैन थियो ।

प्राणी-शास्त्रीहरुको मतानुसार शनैःशनैः यो मान्छेको विवेक वृद्धिको विकास भएपछि, पिउने पानीको स्रोतलाई ध्यानमा राखेर, वनका हिंस्रक पशुपन्छी, सरीसृप, कीटपतंगको भयावह आक्रमणबाट सुरक्षित रहन एक मात्र भरपर्दो थलो, ओढार, गुफा, कन्दरामा आश्रय लिएर, प्राण धान्नको लागि वनमा पाइने फलफूल, कन्दमूल, माहुरी कठ्यौरी पुत्काकी मह खोजेर खाएर वनमा रमाउने, वनमा आहार विहार, आश्रय र प्रजनन्को लागि आश्रय लिने सुक्ष्मजीवदेखि लिएर भीमकाय जीवमध्येका सोझा सिधा जातिका पशुपन्क्षीको शिकार गरेर पानीका माछा, गंगटा समातेर खाएर हिंडेर कैंयौ शताब्दीसम्म जंगली अवस्थाको कष्टकर शिकारी जीवन बिताए । आत्मनिर्भरशील हुन नसकेसम्म तिनै वनजन्यवस्तु नयाँ वन्यजीवको दोहन र शोषण गर्दै बसे ।

ज्यापु, वियाँ, दाना, गेडा, कन्दमूलका टुप्पा, जरा, सेला, लाँक्रा, डाँठका गीँड, टुक्रा, नाभो, वर्षौदेखि कुहिएर पचेको वन्यजीवका गोबर मलमुत्र जुतो, बर्कौला विष्ठा, लिदी, थाप्रा थुप्रिएका मिसिएका मलिलो भुरभुराउँदो माटोमा तरुण वेर्ना, बोट(बिरुवा उम्रिएको हलक्क बढेको मौलिएर आएको देखेपछि ती खान योग्य वनस्पतिका बीउ माटोमा रोपेर खेती गर्न सकिने रहेछ भनेर जाने बुझे र खेती गर्न शुरु गरे । घर-परिवार समाज बढ्दै गएपछि एक ठाउँबाट अर्को ठाउँ सर्न छोडेर एकै ठाउँमा बसेर मलजल गरेर खेती गरेर बसे । यसरी यो मान्छेले वनका प्रभुत्वशाली, जीव भएर वन्यजीवलाई कज्याएर एकछत्र र निष्कन्टकसित रजाई गर्दै बसे ।

त्यो समयमा जनसंख्या न्यून् थियो । बाली लगाउने क्षेत्र धेरै थियो । खेती गर्ने तरिका र साधन भने उन्नत किसिमका थिएनन् । खाद्य वस्तुको संकट थिएन । औलो थियो । चारैतिरका प्राकृतिक वातावरण स्वच्छ स्वस्थकर कालान्तरमा विवेक, वृद्धि परिपक्व भएपछि सोझासिधा वन्य पशुपन्क्षीलाई साथमा राखेर रत्याए पाल्ने काम गरे, विभिन्न काममा लगाए, साथै खाने कामसमेत गरे । घुमन्ते फिरन्ते पशुपालक जीवन पनि बिताए । वनजङ्गल भित्र(बाहिर खाली ठाउँमा आफूले खाएर फलेका फलफूलका बीउ, कोया, च्याम्पाटी, दिउल, विष्टा, विनौला, र सन्तुलन थियो । मानिसको जीवनमा सर्वाधिक प्रभाव पार्ने भौतिक तत्वहरुमा आफू बसेको वरिपरिको भूवनोट, हिमाल, डाँडाकाँडा, पहाड(पर्वत भीर-पहरा, छाँगा-छहरा खोलानाला, नदनदी भङ्गाला जंघार, सागर, ताल, तलाउ दह, सिमसार(धाप, उचाई, तापक्रम, हावापानी र समथर फाँट तथा जैविक तत्वहरुमा प्राकृतिक हरिया वन, वन्यपशुपन्क्षी, सरीसृप, कीटपतङ्ग आदि हुन् ।

यो मानवजाति स्वभावैले कौतुहल र जिज्ञासा राख्ने तथा परिस्थिति अनुकूल आफ्नो आचार-विचार व्यवहार, पेशाकर्म जीवन शैलीलाई ढाल्न सक्ने र सुधार गर्दै अगाडि बढ्ने जीव पनि हो ।

विगतको कष्टकर संघर्षपूर्ण शिकारी-जीवनवाट कृषक जीवनको अवस्थामा आइपुग्दासम्म अघिका लाठो, तीखा घोचा, ढुङ्गाका हतियारको ठाउँमा तामा फलामका हातहतियार साधन र भाँडाकुँडा बनाएर जीवन निर्वाह गर्न सक्ने भए । वनजंगलका खान हुने, विभिन्न काममा प्रयोग हुने वनस्पतिलाई बालीको रुपमा खेती गर्न शुरु गरे । आत्मनिर्भरशील हुन जाने । प्रकृतिको काखमा जन्मिए, हुर्के, बढे, सिक्नुपर्ने कुरा सिके । यसरी यो मानिस जाति भौतिक तथा जैविक वस्तुहरुप्रति ऋणी छन् ।

यदि ब्रह्माण्डमा पृथ्वी, पानी, तेज (सूर्यको प्रकाश)

हो । अठारौं शताब्दीको मध्यकालसम्ममा यूरोप सभ्यताले कलाकौशल र विधाको क्षेत्रमा क्रान्ति ल्याए जसको प्रभाव पूर्व पश्चिमका मुलुकहरुमासमेत पर्न गयो । सुरक्षित भरपर्दो पानीजहाजको निर्माणले गर्दा समुन्द्रसँग जोडिएका मुलुकहरुमा पुग्न, भ्रमण अध्ययन, अनुसन्धान व्यापार र उपनिवेश स्थापना गर्न सम्भव भयो । सन् १७६० मा वेलायतमा भएको अभूतपूर्व औद्योगिक क्रान्तिले गर्दा बेलायत सरकारले जहाँ-जहाँ उपनिवेश स्थापना गर्न सफल भए ती-ती मुलुकहरुमा र आफ्नै वेलायतमा स्थापना गरिएका औद्योगिक कलकारखानाबाट उपभोगका सामग्री घर व्यवहारका साधन, यन्त्रका पार्टपूर्जा उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थको माग र आपूर्ति व्यवस्था भरपर्दो सहज सरल, छिटोछरितो सुलभ, स्थाई र सन्तुलन बनाई राख्न उपनिवेश स्थापना गरिएका मुलुकहरुमा कृषि विकास क्षेत्रको विस्तार सँग(सँगै शिक्षा, स्वास्थ, यातायात, सञ्चार, औद्योगिक कलकारखाना, प्रशासन भवन कर्मचारी आवास, धार्मिक शिक्षा-दीक्षाको प्रचार-प्रसार गर्न चाहिने ठाउँको लागि चौतर्फी विकासको नाममा आदिकालदेखि वृहत क्षेत्र ओगटेर फैलिएर बसेका प्राकृतिक हरिया घना विकट अक्षत वन (Virgin Forest) फँडानीले गर्दा वनजंगलको क्षेत्र घटेर गयो । अर्को जनसंख्या वृद्धिको कारण गाँस वास, कपासजस्ता आधारभूत आवश्यकता पूरा गर्नुपर्दा वन जङ्गलको

क्षेत्र घटेर गयो । आजसम्म पनि बनको क्षेत्र घट्ने काम रोकिएको छैन ।

शिकारी जीवनबाट कृषकजीवन त्यसपछि औद्योगिक क्रान्तिपछिको जीवन बिताउँदाको अवस्थासम्म पनि वन, वनजन्य वस्तु, वन्यजीव, जलजीवको दोहन र शोषण भइरहेको देखिनुको अर्थ ती वस्तुहरुको उपयोगिता र महत्वमा कुनै कमी नआएर अझ झन् महत्व बढ्दै जानु हो ।

सन् १९३८ मा वैज्ञानिक जी.एस. क्यालेण्डरले वायुमण्डलमा कार्वन डाइअक्साइडको परिमाण बढ्दै गएकोले पृथ्वीको तापक्रम बढाउने कुरा गर्नु भएको भविष्यवाणीलाई अरु वैज्ञानिकहरुले पनि अनुसन्धानको आधारमा स्वीकार गरिसकेका छन् । यसको अर्थ हो वायुमण्डलको स्वच्छता र सन्तुलनतामा ह्रास आइरहेको छ । त्यस्तै तापक्रम वृद्धिको कारण ध्रुव्रीय हिमशैल पग्लिएर गएको जानकारी छापामा आएको छ । हिमंशैल पग्लँदा समुद्रतटमा बसेका शहरहरु डुब्न सक्ने कुरालाई नकार्न सकिन्न । ती जलथलका जीव वनस्पति जगतको लागि शुभ संकेत होइन ।

अव्यवस्थित तरिकाले बसेका भौतिक सुविधाविहिन नगर, शहर,, हाट(बजार, कच्ची सडक, औद्योगिक कलकारखाना, सवारी साधनको चाप, वन अतिक्रमण, बसाई( सराईको कारण वायुप्रदूर्षण नदनदी ताल( तलाउ पोखरी, दह, सागर प्रदूर्षण, माटो प्रदूषण नगर शहर बजार भित्री गल्ली, चोक, ढल प्रदूर्षण, ध्वनि प्रदूर्षण, समग्रमा प्राकृतिक वातावरण प्रदूर्षणको कारण वायुमण्डलमा कार्वन डाइअक्साइडको मात्रा वृद्धि भइरहेको छ भन्ने कुरा स्पष्ट छ । यदाकदा घट्ने प्राकृतिक विपतिमा ज्वालामुखी फुट्दा, वनमा डडेलो लाग्दा समुद्रमा छाल उठ्दा, समुद्रमा तथा जमीनमा भीषण आँधीवेरी हुरी, बतास चल्दा, घनघोर असिना पानी पर्दा, बाढी भलभेल भंगालोले उर्वरा माटो बगाएर लगेर बगर बनाउँदा नदी किनार कटान गरेर माटो भत्काएर लैजादा भूमिकम्प हुँदा जमीन भाँसिने, धाँजा पर्ने, फुट्ने, चिरिने गर्दा र खगोलीय पिण्ड धर्तीमा खस्दा मुकदर्शक भएर टुलटुलु हेरेर बस्नुसिवाय अरु उपाय हुँदैन । त्यस्तो परिस्थितिमा पहिलेबाट सजग भएर सुरक्षाको उपाय अंगाल्नु बाहेक अर्को वैकल्पिक उपायछैन । अकल्पनीय र अपुरणीय क्षति हुनबाट धनजन, गाईवस्तु जोगाउन कुल क्षेत्रफलको ५० प्रतिशत भागमा घरेलु काम चलाउन र औद्योगिक कलकारखाना सञ्चालन गर्न कच्चापदार्थ आपूर्ति व्यवस्था सहज, सरल, स्वास्थ र सन्तुलन बनाउन स्थानीय हावापानी माटो उचाई तापक्रममा उम्रने हुर्कने बढ्ने फस्टाउने जातका वनस्पतिका बीउ बोट कलमी हाँगा रोपेर वनको संरक्षण र संवर्द्धन गर्न नितान्त आवश्यक छ ।

भनिएको छ(“अन्तर्राष्ट्रिय प्राकृतिक तथा प्राकृतिक स्रोत संरक्षण संगठन र विश्व वन्यजीव संरक्षण कोषको संयुक्त प्रतिवेदन अनुसार हाल भइरहेको वनसम्पदालाई जोगाउन नसकिएमा आगामी शताब्दीको उत्तरार्द्धकालअघि यो धरातलबाट साठी हजार जातका बोट(बिरुवा लोप भएर जानेछ ।” यो निश्चय पनि चाँसो र गम्भीर चिन्ताको विषय हो ।

जनसंख्या वृद्धि सम्पूर्ण समस्याको जड हो । विकासको गतिलाई तीव्र, प्रभावकारी र सफल बनाउन जनसंख्या नियन्त्रण अनिवार्य कदम हुनुपर्छ । कुनै पनि राष्ट्रको आर्थिक विकास र समृद्धिको मेरुदण्ड भनेको प्राकृतिक स्रोत र साधनको परिचालन नै हो । सामाजिक, धार्मिक, आर्थिक र स्वच्छ वातावरणको दृष्टिकोणबाट हरियो वनको धेरै नै उपयोगिता र महत्व छ भनेर माथि उल्लेख भइसकेको छ । तल वनजङ्गलबाट हुने फाइदाबारे प्रकाश पार्नुको अतिरिक्त संरक्षण र सम्वर्द्धनको उपाय बताइएको छ ।

१.घर व्यवहारको लागि काठ, दाउरा, खाँबो, खुटी, किला, घोचा, घारो, तगारो, टांगो, लाठो लौरो, बीँड, विम, बलो, गरालो, डाँडा( भाटा, थाङ्रा, स्याउला, पात, बाँस बेत, निगाला चिम, चोया, वाता, घिरी, पातपतिंगर, जडीबुटी औषधी, धूप सामग्री रंगरोगनका कच्चा पदार्थ, छाला पकाउने कच्चा पदार्थ, खयर, (कत्था) खोटो चोप, लाहा, तेल चिउरी घिउ, डोरीको लागि ओदाल बोक्रा, वलु, बावियो, खर, सिस्नु, अल्लो, कागजको लागि लोक्ता प्राप्त हुन्छ ।

२.उद्योगमा : काठ, दाउरा, (इन्धन) फर्निचर, खयर, सलाई, कागज, गोलकोइला, घरेलु कपडा, जडीबुटी औषधी धूपसामग्री, बाँस, वेत, निगालोको हातेकाम, चिउरी घिउ, चूकअमिलोको धन्दा सञ्चालन गरेर बेरोजगार समस्या समाधान गर्न सकिन्छ र राष्ट्रको आर्थिक स्रोत बनाउन सकिन्छ ।

३.पशु-आहारको लागि डालेघाँस जलेघास प्राप्त हुन्छ ।

५.ऋतु अनुसारको फलफूल, कोपिला तामावाँस निगालाटुसा, जलौका, वनतरुल सिस्नु, मठारे ठोट्ने, च्याऊ, जिरे(खोर्सानी, वनकरेला आदि प्राप्त हुन्छ ।

६.ठूटा, बूटा, जरा हाँगाविगाँ, झिक्रा, स्याउला, पात फलफूल कुहिएर उर्वराशील माटो बन्छ ।

७.माटो मलिलो, रसिलो, ओसिलो भुरभुराउँदो बनाउँछ, माटोको संरक्षण गर्छ ।

८.वैज्ञानिक मतानुसार वनस्पतिले वायुमण्डलबाट कार्वन डाइअक्साइड सोसेर लिन्छ अक्सिजन छोड्छ । निरन्तर चलिरहने प्रक्रियाले वातावरण स्वच्छ स्वस्थकर सन्तुलन बनाउन मद्दत पुऱ्याउँछ ।

९.वरिपरिको प्राकृतिक सौन्दर्यद्वारा अभिवृद्धि गर्छ ।

१०.मौसमी वर्षा गराउन मद्दत पुऱ्याउँछ ।

११.पानीको मूल सुक्न पाउँदैन । पेय पानी र सिँचाईको सुविधा प्राप्त हुन्छ । बाह्रैकाल बालीको खेती गर्न सकिन्छ, उत्पादन लिन सकिन्छ ।

१२.हतपत पहिरो जाँदैन ।

१३.बाढी भलभेल, भँगालोले सहजै उर्वरा माटो बगाएर लैजान पाउँदैन बगर र मरुभूमि बन्न पाउँदैन ।

१४.वनस्पतिका बीउ, कोया, यिबाँ, च्याम्पटी दिउल विष्ट, दाना, गेडा, ज्यापु विनौला, जरा, टुप्पा, सेला, कलमी हाँगा, गीँड टुक्रा संकलन गरेर नर्सरी राखेर वेर्ना बिरुवा उत्पादन गर्न सकिन्छ । आवश्यकता अनुरुप प्रचार(प्रसार गर्न सकिन्छ ।

१५.वहुउपयोगी मूल्यवान दुर्लभ, लोपोन्मुख अध्ययन र अनुसन्धानको दृष्टिकोणबाट महत्व राख्ने वनस्पतिका प्रजनन् र विकासको केन्द्र स्थापना गर्न सकिन्छ । Botanical Garden स्थापन गर्न सकिन्छ । भेद प्रकार (Variety) को आधारमा एबिलत :गकभगफ स्थापन गर्न सकिन्छ ।

१६.सुनाखरी (सुनगाभा) र त्यस्तै आलंकारिक वनस्पतिका बीउ, शाखा वनबाट संकलन गरेर व्यावसायिक रुपमा बेर्ना उत्पादन गरेर आय आर्जन गर्न सकिन्छ ।

१७.विशेष किसिमको रुपको ठूटा, बूटा जरा हाँगालाई सम्भाव्य रुप दिएर रंगरोगन गरेर सजावटको वस्तु बनाउने हस्तकलाको उद्योग स्थापना गर्न सकिन्छ ।

१८.जैविक विविधताको सम्भावनालाई ध्यानमा राखेर केन्द्र स्थापना गर्न सकिन्छ ।

१९.प्रचण्ड र तीव्र बेगले चलेको आँधीवेहरी हुरी बतासको गतिलाई शिथिल पारेर वनजंगलका छेउका फलफूल बगैँचा बालीनाली, गाउँघर, वस्ती, गाईवस्तु भएको अपूरणीय र अकल्पनीय क्षति हुनबाट जोगाउँछ ।

२०.वन जङ्गलको छेउमा माहुरी पालन व्यावसाय सञ्चालन गर्न सकिन्छ ।

२१.प्राकृतिक हरिया वनमा आहार(विहार, आश्रय र प्रजनन्को सुविधाले शाकाहारी तथा मांसाहारी जीव रमाएर बस्छ, वनजंगल उल्लासमय बनाउँछ अन्यत्र पलायन हुँदैन ।

२२.वन्य जीववाट प्राप्त सिङ, खाग, छाला, भूत्ला, प्वाँख, जगर थाल, केशर, पुच्छर रौं, दाँत, दारा, नङ्रा, नहर घर व्यवहारमा प्रयोग गर्नको अतिरिक्त सोझै बिक्री गर्न सकिन्छ । स्थानीय सतरमा उद्योग धन्दा सञ्चालन गरेर रोजगार दिन सकिन्छ । राम्रो व्यवसाय चलाउन सकिन्छ ।

२३.आरक्ष स्थापना गरेर दूर्लभ र लोपोन्मूख वन्यजीवको अध्ययन, अनुसन्धान प्रजनन् र विकासको कार्य गर्न सकिन्छ ।

२४.वन्यजीवको निकुञ्ज स्थापना गर्न सकिन्छ ।

२५.स्थानीय स्तरमा वन्यपशुपन्छी सरीसृपको श्यय स्थापना गर्न सकिन्छ ।

२६.पर्यटन उद्योगको विकास गर्न सकिन्छ ।

२७.शिकारी जन्य कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

२८.वनभोज कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

२९.शाकाहारी जीवको प्राप्तिले मांसाहारी जीव अन्यत्र पलायन हुँदैन, लोप भएर जाँदैन ।

३०.वन्यजीव मित्रराष्ट्रहरुबीच आदान(प्रदान गर्न सकिन्छ ।

३१.वनजङ्गल संरक्षण सम्वर्द्धन गरेर वायुमण्डलमा घटाए वापत कार्वन कोषबाट आर्थिक सहयोग प्राप्त हुन्छ ।

प्राकृतिक हरियो वनको यति धेरै उपयोगिता र महत्व हुँदा(हुँदै पनि वन विनाश हुनुको कारण निम्न छन् :

(१)मूलमा अशिक्षा, अज्ञानताको कारण परिवारको संख्यामा वृद्धि, गरिबीको कारण शिक्षा दीक्षा कलाकौशल, सीप तालिम नपाउनु बेरोजगार समस्या हुनु, वन अतिक्रमण गरेर जग्गा कमाउनु ।

(२)वनमा डढेलो लगाउनु, खोरिया खेती, भस्मेखेती, मिश्रित खेती गर्नु ।

(३)पहाडको भिरालो पाखोमा गराकान्लाविना बालीको खेती गर्नु ।

(४) गाईवस्तुभाउ, चराउनु ।

(५)पशु आहारको लागि भुई घाँस, डाले घाँस काटेर ल्याउनु ।

(६)घरेलु कामको लागि काठ, दाउरा, खाँबा, खुटी, घोचा, थाङरा चाहिँदा साना ठूला नहर, रुख, हाँगा काट्नु ढाल्नु ताछ्नु, छिल्नु, चोट पुऱ्याउनु, बाँस वेत निगाला, खर स्याउला, पात जडीबुटी औषधी ल्याउनु ।

(७)वन्यजीवको चोरी शिकार हुनु ।

(८)वनजन्य वस्तुको चोरी निकासी हुनु ।

(९)विकासको नाममा वनजंगल फँडानी गर्नु ।

(१०) नदनदी खोला नाला भङ्गलाको डिल किनार, पहिरो गएको र पहिरो जाने सक्ने ठाउँ, वनजङ्गलभित्र काटेको ढालेको मरेको रुखको दाउरा वृक्षरोपण गर्ने काम नलाग्नु ।

(११) प्राकृतिक प्रकोपमा ज्वालामुखी फूट्नु, डढेंलो लगाउनु, घनघोर असिना पानी पर्नु, बाढी भल भङ्गालो पसेर बगाउनु, पहिरो जानु, भूकम्प हुँदा जमीन चिरा धाजा पर्नु जमीन भासिनु, दबिनु र उठ्नु, खगोलीय पिण्ड धर्तीमा खस्नु आदि हुन । वनजङगलको संरक्षण र सम्वर्द्धनको उपाय :

१.कुल क्षेत्रफलको ५० प्रतिशत भागमा वनजङ्गल नभए स्थानीय हावापानी माटो उचाई तापक्रम सुहाउँदो चाँडो उम्रने हुर्कने, बढ्ने फस्टाउने घर व्यवहारमा आउने र उद्योगको लागि चाहिने कच्चा पदार्थको आवश्यकता पूरा गर्ने जातका वनस्पतिका बीउ, बेर्नाबाट रोप्न उचित छ ।

२.पशु चर्न दिनु हुँदैन ।

३.पशु चरनको लागि छुट्टै चरन खर्क छुट्याउनु पर्छ ।

४.वन अतिक्रमण गर्न दिनु हुँदैन ।

५.वनजन्य वस्तु चोरी निकासी गर्न दिनु हुँदैन ।

६.वन्यजीव चोरी शिकारी गर्न दिनु हुँदैन ।

७.वनपाले राख्नुपर्छ ।

८.भिरालो पाखो जग्गामा कान्ला गरा बनाएर खेती गर्न सल्लाह दिनुपर्छ ।

९.वन नर्सरी तालिम प्राप्त व्यक्ति राख्नुपर्छ । बीउ, कलमी संकलन गरेर स्थानीय स्तरमा बेर्ना उत्पादन गर्नुपर्छ । घरेलु कामको लागि र उद्योगको लागि चाहिने कच्छा पदार्थको आवश्यकतालाई ध्यानमा राखेर वृक्षारोपणको काम असार, साउनमा गर्नुपर्छ ।

१०.पहिरो गएको र पहिरो जान सक्ने ठाउँ, नदनदी खोला नाला, ताल तलाउ पोखरी दहको छेउमा भूक्षय हुनबाट जोगाउन स्थानीय हावापानी, माटो उचाई तापक्रम सुहाउँदो उम्रने, हुर्कने बढ्ने फस्टाउने वनस्पतिका वीउ, बेर्ना, कलमी रोप्नुपर्छ । उदाहरणको लागि बाँस, वेत, निगाला, केतुकी, सिउँढी, उतिस वैंस, साल, सिसौ खयर, पडारी, पलाँस, नीलकाँडा, बयर, असारे, बर(पिपल, फलेदो, सिमल केरा रोप्न सकिन्छ ।

११.वन्यजीवको लागि प्राकृतिक सिमसार क्षेत्र संरक्षण गरिनुपर्छ ।

१२.वन र प्राकृतिक वातावरण बारे विद्यालयमा पढाउनुपर्छ । प्राकृतिक स्रोत र साधनको आधारमा दक्ष जनशक्ति उत्पादन गर्नुपर्छ । सामाजिक चेतनामूलक कार्यक्रम सञ्चालन, माटोको संरक्षण, कृषि बालीको खेती र हरियो वनजङ्गलबाट मात्र सम्भव छ । हरियो वनजङ्गलको संरक्षण र सम्वर्द्धन विना कुनै पनि क्षेत्रको विकास सम्भव छैन । सामाजिक, धार्मिक, आर्थिक, जैविक-विविधता, उर्वरशील माटो तथा वातावरणको दृष्टिकोणबाट वनजङ्गलको धेरै ठूलो महत्व रहेको स्पष्ट छ । कुनै पनि किसिमको सीमाले छेक्न नसक्ने प्रकृति प्रदत्त वस्तुहरुमा हावापानी, नदनदी खोला सागर, जलजीव, वन्यजीव साझा सम्पत्ति हुन् । प्राकृतिक हरियो वन पानी हो, पानी खाद्यवस्तु हो र खाद्यवस्तु जीव मात्रको प्राण बचाउने आधार हो । सबै छिमेकी मुलुकहरुले परस्परमा समन्वय र सामन्जस्यता स्थापन गरेर वनजङ्गलको संरक्षण र सम्वर्द्धन गर्न जोड दिनमा कल्याण छ । स्वर्ग छ भन्दा अतिशयोक्ति नहोला ।

***सन्दर्भ सामाग्रीः***


१.भट्टराई, खेमराज(कार्वन व्यापार र सजिवन खेती, अन्नपूर्ण पोष्ट विशेष पृष्ठ संख्या ७, बिहिवार २४ पुस २०६४ (Thursday, January 8, 2009)

२.Benson, Lyman -Plant Classification, Head of the Botany Department, Pomona College, California, USA,_

३.Hudon T. Hartman and Dale E. Kester -Plant Propagation : Principles and Practices, Third Edition, University of California, Davis, USA_

४.World History 1960

५.The Rising Nepal Daily, Wednesday, April 27, 1988 (बुधवार १५ बैशाख २०४५०)

६.विज्ञान प्रगति, जून २००८ राष्ट्रिय विज्ञान सञ्चार एवं सूचना श्रोत संस्थान ( सी.एस.आई.आर.) डा.के. एस कृष्णन मार्ग, नई दिली-११००१२

७.युवामञ्च, पृष्ठ संख्या २८, २०५२ मंसीर, गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, नेपाल ।

# Sri Lankan Farmers Reap Success Through Innovative Agricultural Technologies

17/07/2023

In his 30 years as a farmer, Illeperuma Arachchilage Rathnayake, or Rathnayake as he's known in his village, struggled to unlock the full potential of his onion seed cultivation. He began cultivating this crop as a 22-year-old with no official training but relied on lessons and cues from other farmers in his area.

Lacking the resources and proper equipment to protect his crops, Rathnayake used bamboo trees and polythene sheets as makeshift shelters. But these structures could not withstand heavy rains and wind, often blowing away and leaving his crops exposed to the elements.



This unpredictable weather and excessive rains, in particular, have been the latest in a series of challenges for the farmers in the rural village of Kalugala, nestled in Sri Lanka's northern Anuradhapura district.

"Although I have cultivated onions for many years, I was unable to achieve the harvest I desired due to various challenges, particularly the lack of proper rain shelters," describes Rathnayake.

As the sole breadwinner for his family, Rathnayake's income from farming not only sustains his household but also supports his children's education. Despite his determination, low yields and financial hardships often left him contemplating abandoning onion cultivation altogether.

An innovative project by the Food and Agriculture Organization of the United Nations (FAO), with generous funding from the government of Canada, rekindled Rathnayake's hope in his agricultural endeavors.

FAO supported Rathnayake and 91 other smallholder farmers in producing high-quality seeds for improved onion and chilli production, providing the necessary training and equipment. Seeds on their own can often make the difference between low and high yields. Starting with high quality seeds already sets farmers out for success.FAO implemented a project to support Rathnayake and 91 other smallholder farmers with innovative techniques, such as rain shelters and polytunnels, to produce high-quality seeds and better crop yields.

Farmers in the northern, north-central and central provinces, who were engaged in traditional seed production methods, were selected to receive extensive training on how to adopt innovative technologies such as protected houses, polytunnels, rain shelters and micro-irrigation systems.

These advancements strengthened their crop management practices, providing a shield against pests and rain damage while maximizing water and fertilizer efficiency and reducing the need for chemical pesticides and weedicides. As a result, the seed cultivation thrived and the farmers' yields soared.

Rathnayake explains, "In the past, we used makeshift rain shelters. They would often fail during heavy rains, resulting in losses as our seed nurseries got spoiled. I used to harvest around 2-3 kilograms of onion seeds but thanks to the new, high-quality rain shelters provided through the project, we are now expecting to harvest an impressive 12-15 kilograms of seeds per season."

Now that his cultivation is yielding better results, Rathnayake is able to save and plan for the future. "My wife and I discussed how we should use the increased profits and we both agree that we should invest the profit back into our farm and expand the amount of onion bulbs we cultivate next season. This way we can steadily grow our farm and maybe even save enough to buy a second rain shelter ourselves."

With new shields against pests and rain damage and maximized water and fertilizer efficiency, seed cultivation thrived and farmers' yields soared.

Malani Senehelatha, a 55-year-old farmer from Kalugala village who also took part in the project, comments, "Once I participated in the training, I realized that I was not following the perfect method in seeding big onions. Thanks to the seed production training, I now feel confident in making my onion cultivation profitable. The rain shelter

**Continue .....36**

# Three High-Level Roundtables

*Her counterpart from Yemen, Minister for Agriculture, Irrigation and Fish Wealth Salem Abdullah Eissa Salem Al-Socatri, where floods are expected in the coming weeks, noted the limited availability of early warning systems in his country.*

05/07/2023

Rome - The best ways of tackling the problem of water scarcity and shortages, as well as frequent, widespread and catastrophic floods, issues that affect more than 5 billion people worldwide, took centre stage at the 43rd session of the FAO Ministerial Conference this week with a series of high-level roundtables.

More than 3 billion people live in agricultural areas with high - or very high - levels of water shortages or scarcity, and it is estimated that by 2050, 57 percent of the global population will live in areas that suffer from water scarcity for at least one month each year.

The increased pressure on water resources and water stress can deepen already severely unequal access to water, increasing existing social disparities, particularly affecting vulnerable groups such as women, small-scale farmers, and Indigenous Peoples.

With agriculture accounting for the consumption of 70% of the world's freshwater resources, agrifood systems are therefore central to addressing the water scarcity challenge we are facing.

The first roundtable, entitled Water Scarcity: Making water flow for people and planet, took place on Monday, and was opened by the newly re-elected Director-General of the Food and Agriculture Organization of the United Nations (FAO), QU Dongyu.

In his opening remarks, the FAO Director-General noted that while there may not be simple solutions to complex problems, there are "smart choices" to be made. He invited the panel to focus their discussions on three areas of action: better governance, more integrated water resources, and more investments.

The roundtable, which was moderated by FAO Chief Economist Maximo Torero Cullen, also saw contributions from a High-level Ministerial Panel that included representatives from Brazil, Cabo Verde, China, Jordan, the Netherlands, Tajikistan, and the United States of America.



Among the attendees, the representative from Namibia, which is highly impacted by the climate crisis, said the main message from the debate was the need to "act now." Gambia's representative noted that the issue disproportionately affects women, who play a leading role in the country's agricultural sector, while Argentina's representative pointed to the difficulties involved in finding global solutions when countries have different types of governance within their national borders.

Torero concluded the roundtable by noting that while every country has its own way of doing things, FAO's job is to bring best practices based on science and innovation.

Flood management

Tuesday's roundtable was entitled Integrated Flood Risk Management. Floods have affected more than 2 billion people worldwide over the past decades and caused global losses worth around $20 billion in 2021. In Africa, over 2 000 people died last year alone in floods that hit around a dozen countries. In Pakistan, that same year, a flood put one third of the country under water, leading to 8 million displaced persons and more than 1 700 lives lost - one third of them children.

Director-General Qu kickstarted the debate by calling for the need to work "with natural water processes, rather than against them."

He gave the example of Viet Nam, where trash fish caught in the flood season were used as feeds for cultured fish, enhancing their food security. This kind of example encourages us to "rethink agricultural flood management in an integrated and holistic way," he said.

FAO has produced a Technical Report on Integrated Flood Risk Management, which finds that the main points of good flood risk management include managing and reducing exposure to flood hazards;

reducing vulnerability and building coping capacity; reducing flood impacts on those exposed; and managing flood risks through better governance.

Government ministers from several countries, including Finland, Thailand and Zimbabwe, took to the floor to share their experiences during the roundtable, which was moderated by FAO Deputy Director-General Maria Helena Semedo.

South Africa's Minister for Agriculture, Land Reform and Rural Development, Angela Thoko Didiza, stressed the importance of civic education, early warning systems and rural and urban planning. Her counterpart from Yemen, Minister for Agriculture, Irrigation and Fish Wealth Salem Abdullah Eissa Salem Al-Socatri, where floods are expected in the coming weeks, noted the limited availability of early warning systems in his country. Zimbabwe's Minister for Lands, Agriculture, Fisheries, Water and Rural Development, Anxious Jongwe Masuka, said his country was working on spreading better alerts to the population, while Jaana Husu-Kallio, Permanent Secretary at the Ministry of Agriculture and Forestry of Finland, one of the most digitally advanced countries in the world, said her country was in the process of piloting digital flood management plans.

Finally, the panel discussion saw contributions from, among others, Italy, which shared its experience of the floods that recently devastated its region of Emilia Romagna. In thanking the panel, Semedo reminded the audience of how anticipatory action makes more economic sense than intervening once disaster has struck.

**Water infrastructure :**

Wednesday's roundtable on Water Infrastructure provided FAO Members with an opportunity to build a shared understanding of the importance of water infrastructure in achieving the Sustainable Development Goals, share their experiences, needs and challenges in developing and managing water infrastructures, and discuss strategies, financing, investment and governance of water infrastructure for meeting current and future needs and adapting to climate change.

Reliable water supply infrastructure enables farmers to diversify their agricultural practices and crop varieties and increase resilience. Effective water storage infrastructure can help manage water resources during periods of excess and scarcity, and enables farmers to cultivate crops throughout the year, mitigating the impact of seasonal variations and climate hazards.

Director-General Qu opened the discussions with a speech in which he underlined how agrifood systems and rural development depend on water infrastructure, which is becoming even more critical in addressing the impacts of the climate crisis.

With water infrastructure critical to efforts to make agrifood systems more efficient, inclusive, resilient and sustainable, "we need to invest in infrastructure that is better suited to the water challenges we face today," Qu said.

Qu gave the example of the Sahel, where FAO is providing mechanization opportunities to farmers to improve their water infrastructure and is supporting rural women and their households to access water.

Another example comes from Sri Lanka and Zambia, where FAO is piloting multifunctional paddy fields for fish and shrimp farming, in addition to rice production. Such value-added infrastructure generates benefits by recharging groundwater, controlling floods and providing ecosystem services.

The roundtable also saw contributions from, among others, Manuel Villalobos Arámbula from the Secretariat of Agriculture and Rural Development of Mexico, Mathieu Eric Rokosse-Kamot, Minister for Agriculture and Rural Development of the Central African Republic and Avi Dicter, Minister for Agriculture and Rural Development of Israel.

